मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं ।**

सुर्तीजन्य पदार्थको सेवनले:
असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात जस्ता रोगहरु लाग्न सक्छन् । त्यसैले,
☞ सन्तुलित र स्वस्थ खाना खाऔं,
☞ शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
☞ मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
☞ प्रशस्त मात्रामा पानी पिउने गरौं,
☞ तनाव व्यवस्थापन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# थाहामा बसपार्क तयार, कार्तिक १९ देखि सञ्चालन

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ स्थानीय युवाको निरन्तर दबाव र सक्रिय पहलपछि थाहा नगर पालिका-४ नार्खुढाँडमा थाहा बसपार्क संचालनमा आउने भएको छ । दामनपालुङ उपत्यकाको बीचभागबाट मुलुककै जेठो राजपथ संचालनमा आएको ७ दसक बितिसक्दा पनि बसपार्क निर्माण हुन सकेको थिएन ।

थाहा-४ किटेनीका युवाले निरन्तर दवाव दिँदै आएका कारण थाहा नगरपालिकाले बसपार्क संचालनका लागि आवश्यक तयारी तीव्र पारेको हो । बुद्धचोक थानाबजार बजार व्यवस्थापन समितिका सचिव ज्ञानेन्द्र अधिकारीका अनुसार बसपार्कमा बिजुली जडान, खानेपानी, शौचालय र यात्रु बस्ने कुर्सी लगायत आधारभूत पूर्वाधारको व्यवस्था भइसकेको छ । उनका अनुसार कार्तिक १९ गतेदेखि बसपार्कबाट यात्रुबाहक बस, सुमो, इभीलगायत सवारीसाधन छुट्ने गरी तयारी पूरा भइसकेको छ ।




यसअघि कार्तिक ७ गते स्थानीयले सांकेतिक विरोध प्रदर्शन गरेका थिए । त्यसपश्चात् ८ कार्तिकमा स्थानीय युवा, थाहा नगर प्रमुख, उपप्रमुख, वडाअध्यक्षलगायतको टिमबीचको छलफलपछि बसपार्क संचालन गर्ने सहमति भएको हो । निर्माणाधीन बसपार्कको काउन्टरमा ग्रील तथा यात्रु प्रतीक्षालय, बस्ने टेबल निर्माण गर्न नगरप्रमुख विष्णुबहादुर विष्टले निर्देशन दिएका छन् । त्यस्तै बसपार्क तत्काल सञ्चालन हुनेगरी आधारभूत आवश्यकताको लागि बिजुली जडान र खानेपानीसहित शौचालय, सफाइ कार्य थाल्ने गरी प्रक्रिया अघि बढाइएको छ ।

स्थानीयसँगको छलफलमा नगरप्रमुख बिष्ट, उपप्रमुख भरत गोपाली र बसपार्क व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका वडा नम्बर ४ का अध्यक्ष नारायण लामा सहभागी थिए । छलफलपश्चात् प्रतिक्रिया दिँदै अध्यक्ष लामाले भने- 'अबको केहीदिनमा बसपार्कबाटै यात्रुबाहक बस, सुमो तथा इभीलगायत सवारीसाधन छुट्नेछन्, हामी पानी, बिजुली तथा अन्य आधारभूत कुरा व्यवस्थापन गर्दैछौं ।' वि.सं. २०७८ सालको १३ चैत्रमा बसपार्क सञ्चालनका लागि स्थानीयले तत्कालीन नगरप्रमुख लवशेर विष्टलाई ध्यानाकर्षण गराएका थिए । टोलीलाई जवाफ दिँदै तत्कालीन नगरप्रमुखले बसपार्क सञ्चालनमा ल्याउने जनाएका थिए ।

थाहा-४ थानाबजारको नार्खुढाँडमा वि.सं. २०७५ सालदेखि निर्माण सुरु गरेको थियो । हाल बसपार्कसम्म पुग्ने सडक पक्की ढलान निर्माण भएको छ । टिकट काउन्टर, शौचालय निर्माण भइसकेको छ । बसपार्क सञ्चाल भएपछि हाल शिखरकोटमा रहेको टिकट काउण्टर वरपरको सवारी भीडभाड व्यवस्थापन हुने अपेक्षा गरिएको छ । यसअघि पनि वि.सं. २०८० वैशाख १८ गते स्थानीयले बसपार्क सञ्चालनका लागि नगर पालिकालाई दबाव दिएका थिए । उनीहरुले दबाव स्वरुप स्वस्फुर्तरुपमै थाहा बसपार्क व्यवस्थापन समिति गठन गरेका थिए ।

स्थानीय रामराजा केसीको अध्यक्षताम सञ्चालक समिति गठन गरेर बसपार्क सञ्चालनका लागि उनीहरुले दबाव दिएका थिए । स्थानीयले थाहानगरको गौरवको आयोजना बसपार्कमा बनेको संरचना संरक्षण नहुँदा भत्किइसकेको तथा बसपार्क संचालन गर्न आवश्यक संरचना तयार हुँदा समेत बसपार्क संचालनमा नगरपालिकाको ध्यानाकर्षण नभएको भन्दै बसपार्क संरक्षण र संचालनको निम्ति व्यवस्थापन समिति गठन गरेर दबाव दिएका थिए । नाखूंढाँडमा पहिलोपटक वि.सं. २०७४ मा निर्वाचित जनप्रतिनिधिले विधिवत रुपमा २०७५ मंसिर ९ गतेबाट बसपार्क निर्माण प्रक्रिया अघि बढाएका हुन् । वि.सं. २०७४ मा निर्वाचित भएपछि प्रतिनिधिले यस योजनालाई नगरकै गौरबको योजनाको रुपमा अघि बढाएका थिए ।

थानाबजारनजिकै रहेको ४८ रोपनी क्षेत्रफलमा बसपार्क निर्माणका लागि प्रक्रिया अघि बढाइको थियो । बसपार्क निर्माणका थाहा नगरपालिकाले आर्थिक वर्ष २०७५/७६ को बजेटमा ३० लाख, मकवानपुर प्रतिनिधिसभा-२ का तत्कालीन सांसद विरोध खतिवडा मार्फत संचालन हुने स्थानीय पूर्वाधार साझेदार कार्यक्रमअन्तर्गत ५० लाख रुपैयाँ विनियोजन गरेर बसपार्कको निर्माण प्रारम्भ गरिएको थियो । थाहा बसपार्क निर्माण थालिएको ५ वर्षपछि शिलान्यास भयो । थाहा बसपार्कमा आधुनिक टर्मिनल भवनको जग पूजा गरेर वि.सं. २०८० कार्तिक २० गते थाहा नगर पालिका उपप्रमुख भरत गोपालीले शिलान्यास गरेका थिए ।

पहिलोचरणको कार्यक्रममा साढे सात करोडको लगानीमा टर्मिनल भवन, बगैंचा, रेष्टुरेन्ट, सपिङ स्टल, अपाङ्गमैत्री शौचालय, सवारीचालकलाई आराम गर्ने कक्ष, ग्यारेज, प्रहरी बिट पक्की सडक, सडकबत्ती सहितका संरचना निर्माण गर्ने गरी ठेक्का भएको योजनाको शिलान्यास भएको थियो । सि एण्ड ब्रदर्स कन्स्ट्रक्शनले ठेक्का पाएको थियो ।

नेपाल सरकार सहरी विकास मन्त्रालयअन्तर्गत सघन सहरी तथा भवन निर्माण आयोजना चितवनको एकीकृत सहरी पूर्वाधार विकास अन्तर्गत ७ करोड २१ लाख लागत रहेको यो कार्य २०८१ भदौ २० गते सम्पन्न गरिसक्नुपर्ने गरी २०७९ चैत २१ गते सम्झौता भएको थियो ।

# डेढ महिनापछि जिल्ला अदालत मकवानपुरको सेवाप्रवाह सुरु




साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ जिल्ला अदालत मकवानपुरले डेढ महिनापछि पूर्ववत् सेवाप्रवाह सुरु गरेको छ । अदालतबाट प्रवाह हुँदै आएका सेवाहरु गत भदौको २४ गतेबाट संकुचन गरिएकोमा पूर्ववत् सञ्चालनमा आएको हो ।

जेनजीको प्रदर्शनीका क्रममा अदालतमा तोडफोड, लुटपाट र आगजनी भएपछि अदालतबाट प्रवाह भएका सेवाहरु संकुचन गरिएको थियो । जिल्ला अदालत मकवानपुरका निमित्त श्रेस्तेदार केशवराज कौशिकले अदालतका डाटाहरु सबै रिकभर भएको पूर्ववत् सेवा सञ्चालनमा ल्याइएको जानकारी दिएका छन् । उनले यसअघि आंशिकरुपमा सेवा प्रवाह हुँदै आएकोमा अब मुद्दा व्यवस्थापन प्रणालीबाट पेशी प्रकाशन र सुनवाइ हुने बताए ।

'यस अदालतबाट प्रवाह भएका सेवाहरु भदौ २४ गतेपछि संकुचन गरिएकोमा अब भदौ २४ गतेअघिकै अवस्था अदालतले सेवाप्रवाह गर्नसक्ने अवस्थामा पुगेको छ' उनले भने, 'बुधबार बसेको अदालतको पूर्णबैठकको निर्णय अनुसार सूचना प्रविधि प्रणालीमा आबद्ध भई सबै प्रकारका मुद्दा तथा रिट निवेदनको सुनवाइ बिहीबार बाट नियमितरुपमा सुचारु हुनेछ ।' मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३५ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९ बमोजिम गुज्रिएको म्याद/तारेख तथा सो अवधिमा मुद्दा गर्ने हदम्याद गुज्रिएको भए असोज २२ गतेबाट बाटोको म्यादबाहेक ३० दिनभित्र थाम्न थमाउन सकिनेछ र सो अवधिमा भदौ २३ देखि असोज २१ गतेसम्ममा गुज्रिएको तारेख, म्याद, हदम्याद नगुज्रने अदालतले जनाएको छ ।

यस्तै अभियोग पत्रसाथ पेश भएका एवं फरार भई पक्राउ प्रतिवादीको बयान, थुनछेकसम्बन्धी कार्य, फिराद दर्ता, प्रतिउत्तर दर्तासम्बन्धी कार्य, बकपत्रसम्बन्धी कार्य, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ सम्बन्धी निवेदन, प्यारोल सम्बन्धी निवेदन दर्ता र सुनुवाइ सम्बन्धी कार्य र पूरक निवेदन दर्ता तथा सो को सुनुवाइसम्बन्धी कार्य गर्दै आएको अदालतले जनाएको छ । अदालतका अनुसार नियमित तारेखसम्बन्धी कार्य, मुद्दा मिलापत्र, मुद्दा फिर्ता सम्बन्धी कार्य, तहसिल शाखाबाट सम्पादन हुने सबै कार्य, अभिलेख शाखाबाट सम्पादन हुने सबै कार्य, विशेष प्रकृतिको निवेदन दर्ता तथा सोको सुनुवाइसम्बन्धी कार्य र कसूर ठहरभई सजाय निर्धारण बाँकी रहेका मुद्दामा सजाय निर्धारणको सुनुवाइसम्बन्धी कार्य गर्दै आएको छ ।

निमित्त श्रेस्तेदार कौशिकले अदालतका अभिलेखहरु अब सूचना प्रविधि प्रणालीबाट हेर्न र सेवाप्रवाह गर्न सकिने बताए । अदालतमा आगजनी र तोडफोड भएपछि गत असोज २९ गतेबाट आगजनी भएको भवनबाट जिल्ला अदालत र उच्चअदालत पाटन हेटौँडा इजलासले आंशिकरुपमा सेवाप्रवाह सुरु गरेको थियो । अदालतका फर्निचरलगायत उपकरण प्रदर्शनीका क्रममा आगजनी, तोडफोड र लुटपाट भएपछि तत्काल काम चलाउका लागि जिल्लास्थित स्थानीय तहलगायतले फर्निचर र कम्प्युटरलगायत उपकरण उपलब्ध गराएका थिए ।

# समान काम, समान ज्याला माग्दै मकवानपुरे नर्सहरु आन्दोलित



साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ समान काम, समान ज्यालाको माग गर्दै मकवानपुरका नर्सहरु आन्दोलित भएका छन् । नेपाल नर्सिङ संघको राष्ट्रव्यापी आन्दोलनको आह्वान अनुसार बुधबारदेखि मकवानपुरका नर्सले बिहान १० देखि १२ बजेसम्म अत्यावश्यकबाहेकका सेवा बन्द गर्दै विरोध प्रदर्शन सुरु गरेका हुन् ।

नेपाल नर्सिङ संघ मकवानपुरकी अध्यक्ष गंगा दाहालका अनुसार माग सुनुवाइ नभएकाले आन्दोलनको दोस्रोचरण सुरु गरिएको हो । 'कात्तिक ४ देखि ११ गतेसम्म कालोपट्टी बाँधेर सेवा दिएपनि सरकार मौन रहेकाले हामी बाध्य भएर सेवा बन्द गर्नुपरेको हो,' उनले भनिन् । उनका अनुसार नर्सहरुले कात्तिक १८ गतेसम्म हरेक दिन दुई घण्टा सेवा बन्द गर्ने निर्णय गरेका छन् । आन्दोलन मुख्यत: निजी स्वास्थ्य संस्थामा कार्यरत नर्सहरुको न्यून तलब र श्रमशोषणविरुद्ध केन्द्रित छ । हाल सरकारले नर्सहरुको न्यूनतम तलब पाँचौं तहको दर बन्दीअनुसार ३४ हजार ७३० रुपैयाँ तोकेको भएपनि धेरै निजी अस्पताल र शिक्षण संस्थाले अत्यन्तै न्यून पारि श्रमिकमा काम गराइरहेको नर्सहरुको आरोप छ ।

नेपाल नर्सिङ संघले कात्तिक २ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा १५ बुँदे मागपत्र बुझाउँदै आन्दोलनका कार्यक्रम घोषणा गरेको थियो । संघले दक्ष नर्सिङ जनशक्तिलाई स्वास्थ्य ऐनअन्तर्गत व्यवस्थापन गर्नुपर्ने, रात्रिकालीन, सार्वजनिक बिदा तथा चाडपर्वमा काम गरेबापत अतिरिक्त भत्ता दिनुपर्ने, योग्यता र अनुभवका आधारमा बढुवा र ग्रेड प्रणाली लागू गर्नुपर्नेलगायत माग राखेको छ । अध्यक्ष दाहालका अनुसार सरकारले गठित कार्यदलले माग सम्बोधनमा पहल नगरे आन्दोलनका कार्यक्रम थप सशक्त बनाइनेछ । गत कात्तिक २ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपाल नर्सिङ संघले पेश गरेको माग पूरा गर्ने सम्बन्धमा कार्यदल बनाएकाले अबको एक हप्ता प्रतिक्रिया कुरेको अध्यक्ष दाहालले स्पष्ट पारिन् ।

नेपाल नर्सिङ संघले गत कात्तिक २ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा विभिन्न माग राख्दै आन्दोलनका कार्यक्रम घोषणा गरेका थिए । श्रमिकको रुपमा हेरिएको दक्ष नर्सिङ जनशक्तिलाई स्वास्थ्य ऐनअन्तर्गत व्यवस्थापन गरिनुपर्ने, रात्रिकालीन वा सार्वजनिक वा चाडपर्व बिदाको दिनमा काम गरेबापत सरकारी, निजी तथा शिक्षण अस्पतालमा अतिरिक्त तथा जोखिम भत्ताको व्यवस्था गरिनुपर्ने, योग्यता र अनुभवको आधारमा स्तर वृद्धि तथा बढुवाको व्यवस्था हुनुपर्ने, ग्रेडको व्यवस्था हुनुपर्ने, औद्योगिक नर्सको व्यवस्था हुनुपर्ने लगायत १५ बुँदे मागसहित आन्दोलनको कार्यक्रम सुरु भएको थियो ।

# भूमि आयोग खारेज गर्ने निर्णय कार्यान्वयन नगर्न अल्पकालीन आदेश




साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ भूमि समस्या समाधान आयोग र त्यसका जिल्ला समिति खारेज गर्ने सरकारको निर्णयलाई सर्वोच्च अदालतले हालका लागि यथास्थितिमा राख्न आदेश दिएको छ ।

सर्वोच्चका न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले बुत्रवार त्यस सम्बन्धमा अल्पकालीन अन्तरिम आदेश जारी गर्दै खारेजी निर्णयको कार्यान्वयन नगर्न आदेश दिएको हो । अदालतले विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई १५ दिनभित्र लिखित जवाफ पेशगर्न निर्देशन दिएको छ । 'निवेदनमा उठाइएको विषयवस्तुको गाम्भीर्यता, उचित कानुनी प्रक्रिया, प्राकृतिक न्यायको सिद्धान्त, खारेज भएको गठन आदेशअन्तर्गतका हक र हिताधिकारीको आवासको मौलिक हक, तथा भूमिसम्बन्धी ऐनका सम्बन्धित दफालाई समेत विचार गरी अन्तरिम आदेश जारी गर्नुपर्ने वा नपर्ने विषयमा छलफल गर्न आवश्यक देखिएको छ,' अदालतले भनिएको छ ।

यसअनुसार सर्वोच्चले बिहीबारका लागि दुवै पक्षलाई छलफलका लागि पेशी तोकेको छ । छलफलको अवधिसम्म खारेजीको निर्णय यथास्थितिमा राख्न आदेश गरिएको अदालतले जनाएको छ । निवेदक हरिप्रसाद रिजालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत विपक्षी बनाएर दायर गरेको रिट निवेदनमा सुनुवाइ गर्दै अदालतले यो आदेश दिएको सर्वोच्च अदालतले जनाएको छ । रिजालको पक्षमा वरिष्ठ अधिवक्ता हरिहर दाहाल, रमेश बडाल, सीताराम केसी, केदार प्रसाद कोइराला तथा अधिवक्ता कुमार भट्ट र सम्झना केसीले बहस गरेका थिए ।

मन्त्रिपरिषद्ले २०८२ असोज २३ गते भूमि समस्या समाधान आयोग र त्यसका जिल्ला समिति खारेज गर्ने निर्णय गरेको थियो । यो निर्णयविरुद्ध निवेदन दर्ता भएपछि अदालतले सरकारको कदम तत्काल कार्यान्वयनमा नगर्न भनेको हो । अदालतले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गर्दै त्यसको जानकारी विपक्षीलाई समेत पठाउन आदेश दिएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

# बारीमा विषादि: माछामा प्रभाव

इन्द्रसरोबरको जलाधार क्षेत्रका किसानले आफ्नो खेतबारीमा बेमौसमी तरकारीका लागि हालेको बिषादिका कारण जलासयको माछाको बृद्धिदर प्रभाबित बनेको छ । कुलेखानीको अर्गानिक माछा भनेर बिक्री गरिरहेका ब्यवसायीले अर्गानिक भन्ने हैसियत पनि गुमाएका छन् । जलाधार क्षेत्रमा किसानले प्रयोग गरेको बिषादिको अवशेषका कारण कुलेखानी जलाशयमा माछा उत्पादन घट्दै गएको छ । मत्स्य विकास केन्द्र कुलेखानी र इन्द्रसरोवर मत्स्य व्यवसायी संघका अनुसार ताल वरपरका गाउँमा हुने व्यावसायिक तरकारी खेतीमा प्रयोग गरिने रासायनिक विषादि नै माछाको वृद्धिदर घट्नुको मुख्य कारण बनेको हो । इन्द्रसरोवरमा हाल ४०० वटा केज (पिँजरा) राखेर प्रतिघनमिटर चार दशमलव पाँच किलोका दरले माछा उत्पादन भइरहेको छ । पछिल्ला वर्षमा माछाको औसत तौल र संख्या दुवै घट्दो क्रममा रहेको संघले जनाएको छ । तरकारीखेतीमा प्रयोग गरिने कीटनाशक र रासायनिक मल बर्षातको समयमा खोलानाला हुँदै तालमा मिसिन्छ । यो विषादि मिसिएको पानी तालमा पुग्दा माछाको प्राकृतिक खाना र सूक्ष्म जीवमा असर पुग्छ, जसले गर्दा माछा पहिले जस्तो गतिमा बढ्दैनन् ।

विशेषगरी सिल्भर कार्प, बिगहेड र ग्रास कार्पजस्ता चिसो पानीमा हुर्कने जातका माछा बढी प्रभावित भएका छन् । यी माछा प्राकृतिकरुपमा पाइने हरियो शैवाल र साना जीवजन्तुमा भर पर्छन् । विषादिले माछाको प्राकृतिक आहारको रुपमा प्रयोग हुने ती स्रोतहरु नष्ट गर्दा माछाको तौल र वृद्धि दुवैमा कमी आएको मत्स्य व्यवसायी संघले जानकारी दिएको छ । हाल ६५० परिवारलाई शेयर सदस्य बनाई संघले माछा उत्पादन, बिक्री र लाभांश बाँडफाँटको व्यवस्था गरेको छ । यसै आम्दानीले विद्यालय सञ्चालनदेखि सामुदायिक पूर्वाधार मर्मतसम्म सहयोग पुग्ने गरेको छ । विषादिका कारण माछाको तौल घट्नु गम्भीर विषय हो । यसको वैज्ञानिक अध्ययन गर्नु जरुरी छ । हालै गरिएको परीक्षणमा पानीमा रासायनिकपदार्थको अंशको मात्रा सामान्यभन्दा माथि पाइएको छ, त्यसैले यसले माछाको वृद्धिदरमा असर पारेको हुनसक्छ । हरेकवर्ष भदौ महिनाको तेस्रो साता करिब दुई लाख भुरा माछा तालमा छाड्ने गरिएको छ । कुलेखानीको माछा प्राय: स्थानीयस्तरमै खपत हुने भएकाले यसको गुणस्तर जोगाउन तालको पानीको स्वच्छता अत्यावश्यक छ । विषादिले माछाको प्राकृतिक खाना र शरीरमा क्षति पुग्ने भएकाले उत्पादन र तौलमा कमी आएको बिज्ञहरुले जनाएका छन् । विषादिले पानीको रासायनिक संरचना परिवर्तन गर्छन्, माछाको अण्डा फुट्ने दर घट्छ, आन्द्रा र गिल्समा क्षति पुग्छ । यदि विषादि मिश्रित पानी आइरहेको छ भने यसलाई नियन्त्रण गर्न जरुरी छ । अन्यथा कुलेखानी तालको जैविक विविधता मात्र होइन, स्थानीय खानेपानी र पर्यटन अर्थतन्त्र पनि प्रभावित हुन सक्छ ।

मत्स्य विकास केन्द्र र संघले ताल वरपरका किसानलाई जैविक मल र पर्यावरणमैत्री खेतीप्रणाली अपनाउन प्रोत्साहन गर्ने योजना बनाउन जरुरी छ । तालमा मिसिने पानी शुद्धीकरण गर्ने प्राविधिक पोखरी निर्माण भएमा समाधान हुनसक्छ । मकवानपुरको इन्द्रसरोवर रिजरभ्वायर विद्युत् उत्पादनको उद्देश्यले कुलेखानी खोलामा ड्याम बनाइ निर्माण गरिएको मानवनिर्मित नेपालकै ठुला रिजरभ्वायरमध्ये हो । यसमा पानी जम्मा पार्नलाई पालुङ खोला, चित्लाङखोला, सेतीखोला, चखेल इनलेट, चल्खुखोला, ठाडोखोला र धस्कुखोला गरी जम्मा ७ वटा स्रोतहरु रहेका छन् । समुन्द्री सतहदेखि १५०० मिटर उचाइमा यो रिजरभ्वायर रहेको छ । पूर्णरुपमा रिजरभ्वायरमा पानी भरिएको समयमा २१६ हेक्टर र हिउँदमा ५५ हेक्टर पानी रहेको हुन्छ भने रिजरभ्वायरको औसत लम्बाइ ७ किमिर चौडाइ ५०० मिटरसम्म छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ कार्तिक १४ गते शुक्रबार ३१ अक्टोबर २०२५ । नवमी, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:१४ सूर्यास्त ५:१९ । विश्व शहरीकरण दिवस । बलम्बु महालक्ष्मी जात्रा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आत्मविश्वास बढ्नेछ | **तुला** | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| **वृष** | : आफन्तको सहयोग मिल्नेछ | **वृश्चिक** | : सन्तानबाट सन्तोष मिल्नेछ |
| **मिथुन** | : मान, प्रतिष्ठा बढ्नेछ | **धनु** | : विवाद पर्न सक्नेछ |
| **कर्कट** | : कार्यमा सफलता मिल्नेछ | **मकर** | : दाम्पत्य सुख मिल्नेछ |
| **सिंह** | : सहमतिका कार्यहरु हुनेछन् | **कुम्भ** | : रमाइलो यात्रा हुनेछ |
| **कन्या** | : नयाँ कार्य सम्पन्न हुनेछ | **मीन** | : धन कमाउने योग परेको छ |

# राजनीतिले खोजेको रचनात्मक हस्तक्षेप



✍ वीरेन्द्रबहादुर बस्नेत

अहिले राजनीतिमा हस्तक्षेप किन जरुरी छ भन्ने प्रश्नमा प्रवेश गर्नुअघि म आफ्ना बारेमा केही भन्न चाहन्छु । मलाई लाग्छ, जीवनको सबैभन्दा ठूलो उपलब्धि 'खुसी' हो । मेरो विचारमा जीवनका हरेक पलमा नयाँ सोच, सिर्जनशीलता, करुणाभाव, नियमको पालना र इमानदारीपूर्वक गरिएको कार्यले नै साँचो खुसी प्रदान गर्छ ।

**जीवन दर्शन**

यदि कुनै कार्य गर्न सकिन्थ्यो तर नगरी बसियो वा गलत तरिकाले गरियो भने आत्मग्लानि हुन्छ । त्यसले आर्जन गरेको खुसी पनि हराउँछ । मैले अहिलेसम्म गरेका कामहरुमा कुनै आत्मग्लानि छैन – त्यसैले म खुसी छु ।

मेरो विवाह ३५ वर्षअघि भएको हो । मेरो दुई छोरीहरु छन्, जो आआफ्ना क्षेत्रमा अगाडि बढिरहेका छन् ।कर्मक्षेत्रमा मैले राष्ट्रिय सम्पत्तिका रुपमा दुई उद्योगहरु स्थापना र सञ्चालन गरेको छु । यी दुबै उद्योगले रोजगारी सिर्जना गर्नका साथै राष्ट्रको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिएका छन् – एकले आन्तरिक हवाई उड्डयन क्षेत्रलाई र अर्कोले कृषि अर्थतन्त्रलाई चलायमान बनाएको छ ।

यी उद्योगहरुले आज पनि मलाई वार्षिक प्रतिफल दिइरहेका छन् । मिहेनत गरेर उद्योग स्थापना र सञ्चालन गरेको यसको प्रतिफल पनि राम्रै पाएको छु । जसले मेरो बाँकी जीवन सहज र सन्तुलित बनाएको छ । अब यी उद्योगहरुलाई संरक्षण र प्रवर्द्धन गर्दै, सबै कर्मचारीले स्वामित्व ग्रहण गर्न सकेमा यी कम्पनीहरु दीर्घकालीन बन्नेछन् भन्ने मेरो विश्वास छ ।

अब म ६२ वर्ष पुगेको छु । पहिले दु:ख र मिहेनत गरेकोले अहिले सबै मोडमा खुसी प्राप्त गरेको छु । परिवार पनि ठूलो भएको छ, नातिनीसमेत पाइसकेको छु । अब मेरो जीवनको 'दोस्रो इनिङ्स' सुरू भएको छ । राष्ट्रलाई माया गर्ने अरु नेपालीजस्तै मलाई 'राष्ट्रको बेथिति'प्रति गहिरो चिन्ता छ । बेरोजगारी र भ्रष्टाचार नै आजको सबैभन्दा ठूलो समस्या भन्ने मेरो बुझाइ छ । अबको दोस्रो इनिङ्समा यी समस्याहरुको समाधानका सम्भावना खोज्ने र कार्यान्वयन गर्ने प्रयास गर्न चाहन्छु । सिर्जनशील र व्यवस्थापकीय सामर्थ्य भएका व्यक्तिहरु अब मुकदर्शक रमिते भएर बसियो भने राष्ट्र अझ गहिरो खाल्डोमा फस्ने निश्चित छ । यसको दोष भावी पुस्ताले हामीलाई नै दिनेछन् र यसले आत्मग्लानी निम्ताउँछ । त्यसैकारण राष्ट्रका प्रमुख समस्या र त्यसका समाधानहरु के के हुन् त भन्ने औंल्याउन जरुरी छ ।

**प्रमुख समस्या र समाधानका दृष्टिकोण**

बेरोजगारी, भ्रष्टाचार र कुशासन नै राष्ट्रका मूलभूत समस्या हुन् । यसको समाधान शिक्षा, रोजगारी, स्थानीय सरकारमार्फत् गर्न सकिन्छ । यी विषयलाई निर्दिष्ट दिशा दिएर प्रगतिपथमा अगाडि बढ्न सकिन्छ भन्ने हाम्रो ठहर छ ।

१. शिक्षा : विशेषगरी माध्यमिक शिक्षाको स्तर प्रणाली नै धराशायी भएको छ । हाल लगभग ५० लाख विद्यार्थीले शिक्षा हासिल गरिरहेका धेरैजसो सामुदायिक स्कुलको पठनपाठनमा गुणस्तर कमजोर छ । सिधाभन्दा हामी अर्धशिक्षित जनशक्ति तयार पारी राखेको छौं । भविष्यका सन्ततिलाई बेरोजगारीतर्फ धकेल्दै छौं । हामीले यस समस्या समाधानका लागि सूचना प्रविधिमा आधारित माध्यमिक शिक्षाको परीक्षण गर्दैछौं । यसलाई देशभरि कसरी लागु गर्न सकिन्छ भनेर मंसिर पहिलो सातामा विस्तृत कार्यक्रम सार्वजनिक गर्न लागेका छौं । गुणस्तरीय एवं व्यवहारिक शिक्षा प्रदान हुने बित्तिकै रोजगारी र उद्यमशीलता स्वत: अगाडि आउने छन् ।

२. दिगो रोजगारी र उद्यमशीलता : दिगो रोजगारी सिर्जना गर्ने मूलभूत दुईवटा निकायहरु छन् । एक सरकारी निकायहरु र अर्को निजी उद्योग/ व्यापार । सरकारी निकायको दरबन्दी पुनरावलोकन गर्ने बेला भएको छ । एकीकृत कम्प्युटर प्रणाली स्थापित भएपछि के कति रोजगार आवश्यकता छ वा घटबढ छ भने दरबन्दी मिलान गर्नुपर्छ । प्रशासनिक व्ययभार एवं खर्चलाई विस्तारै घटाउँदै लग्नुपर्छ । अब देशभित्रै रोजगारी सिर्जना गर्न उद्यमशीलताको आवश्यकता छ । अवसर प्राप्त गरेको खण्डमा उद्यमीहरुले उद्योग/व्यवसाय व्यक्तिगत रुपमा नियमसम्मत सञ्चालन गरेर समाजमा गतिशीलता ल्याउँछन् र सँगसँगै रोजगारीका थप ढोकाहरु उजागर गर्दै लान्छन् । हामीले समतामूलक उद्यमशीलतालाई पहिचान गरी धेरैभन्दा धेरै उद्यमी सामूदायिक रुपले सहकार्य गर्ने अवस्थाको पहिचान गरेका छौं । यसबाट रोजगारी पनि पर्याप्त सिर्जना गर्न सकिन्छ । दिगो रोजगारी र उद्यमशीलताका तीन खम्बाहरु छन् :

क. कृषि : नेपालको कृषियोग्य जमिन विखण्डित स्वामित्वमा रहेको छ । उत्पादनको मूल्य फाइदाजनक नभएकोले कृषि निर्वाहमूखीकै चंगुलमा जकडिएको छ । हामीले प्रमाणित गरेको धान खेतीको मूल्यश्रृंखलालाई अब देशभरि स्थानीय सरकारको नेतृत्वमा अनुसरण गर्नुपर्छ । स्थानीय निकाय वडा अन्तर्गतको सम्पूर्ण खेतीयोग्य जमिनलाई मौसम अनुसारको उपयुक्त पैदावारको खेती गरि सो पैदावारको प्रथम उत्पादनलाई औद्योगिकरण जस्तै धानलाई चामल, तोरीलाई तेल, मकैलाई दानामा उत्पादन गर्न सकिन्छ ।

सामुदायिक उद्यमशीलता (प्रथम अधिकार उत्पादक किसानलाई लगानीको अवसर) हुने गरी बजार व्यवस्थापन गरेको खण्डमा राष्ट्रिय अर्थतन्त्र आमूल फड्को मार्नेछ र दिगो रोजगारी सिर्जना हुनेछ । यो कार्यक्रम अन्नबाली जस्तै तरकारी फलफूल एवं पशुपालनमा पनि लागुहुनेछ । यस कार्यक्रमको अवधारण र नतिजा हामी निकट भविष्यमा सार्वजनिक गर्न लागेका छौं ।

ख. पर्यटन : हालको त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलको ट्राफिक व्यस्तता तथा पर्यटक आगमन दरसँग दाँज्ने हो भने यसको औचित्य लगभग पूरा भइसकेको छ । यसभन्दा बढी पर्यटक यसले धान्न सक्दैन । तसर्थ यो विमानस्थल पूर्णभइसकेको छ । वर्षको ११ लाख पर्यटकमा ३-४ लाख गैरआवासीय नेपाली छन् ।

त्यसैले अब गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवालाई पूर्ण प्रयोगमा ल्याउनुपर्छ । यस विमानस्थलबाट सिधा अन्तरमहादेशीय उडान जस्तै अमेरिका/क्यानडाको पूर्व तटीय सहर न्यूयोर्क र पश्चिम तटीय सहर लस एन्जलस भर्न सकिन्छ र वर्षका ५ लाख पर्यटकको दरले दश वर्षभित्र ५० लाख पर्यटकको आगमन गराउन सकिने छ । जसले वर्षको तीन लाख गरी १० वर्षमा ३० लाख रोजगारी सिर्जना गर्न सकिने छ ।

यस कार्यक्रमले पर्यटन उद्योगमा देशभरि प्रचुर सम्भावना सिर्जना गर्नेछन् । हाम्रो कार्यक्रम भूईंमान्छेको सहभागितामा ग्रामीण पर्यटन उदाहरणको लागि नवलपरासीको थारु बस्ती अमलटारी गाउँ र गुरुङ समुदायको घलेगाउँजस्तो कार्यक्रम देशको कुनाकाप्चामा सामुदायिक उद्यमशीलता अन्तर्गत सञ्चालन गर्न सकिन्छ । यो कार्यक्रम पनि हामी सार्वजनिक गर्दैछौं ।

ग. सूचना प्रविधि/ उद्योग-रोजगारी : आईटी समाविष्ट शिक्षा प्रणाली लागु गरेपछि निकट भविष्यमै अनिवार्य रुपले बुझ्ने र अध्ययन गर्ने पर्याप्त जनशक्ति पैदा हुनेछन् । स्वफूर्त आईटी उद्योगले प्रसय पाउनेछन् र हालको अवस्थाले प्रमाणित गरेझैं आफ्नै तदारुकतामा स्वदेशीविदेशी आई उद्योगमा धेरै नेपालीहरु आवद्ध भएर घरैबाट काम गर्न सक्ने अवस्था सिर्जना हुन्छ । यसको प्रयोग आमजनले पनि विस्तारै गर्नेछन् । राष्ट्रमा सूचना प्रविधि र डिजिटल रुपान्तरणको लागि छुट्टै मन्त्रालय स्थापना हुनुपर्छ भन्ने हाम्रो मान्यता छ । यसले रोजगारी र उद्यमशीलता मात्र होइन, शासकीय स्वरुप र सरकार सञ्चालनको हरेक अंगलाई विश्वको बदँलिदो परिवेशमा नेपाललाई समानान्तर रुपमा स्थापित गरिनेछ । डिजिटल रुपान्तरणले कामकारबाही छिटोछरितोका साथै भ्रष्टाचारमाथि लगाम कस्न पनि मद्दत पुग्नेछ । यससम्बन्धी कार्यक्रम पनि हामी सार्वजनिक गर्न लागेका छौं।

**३. स्थानीय सरकार**

हाम्रो राष्ट्रको सुशासन, रोजगारी र समतामूलक उद्यमशीलताको मुख्य साधन 'स्थानीय सरकार' रहेको हाम्रो ठम्याई रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्देशित गरेका बुँदाहरु अक्षरश: कार्यान्वयन गर्दा धेरैजसो समस्या पालिकाबाटै समाधान हुने देखिन्छ। मुख्यगरि रोजगारी (वैदेशिक र आन्तिरक) को अभिलेख राख्ने र रोजगारी प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने, सामुदायिक उद्यमशीलता मुख्य गरी कृषि पैदावरलाई प्रथम चरणको उद्योगमा रुपान्तरण गर्ने, आधारभूत स्वास्थ्य सेवा, विद्यालय शिक्षा र शान्तिसुरक्षा र न्याय सम्पादन स्थानीय सरकार विशेषगरी वडास्तरबाटै सञ्चालन गरिनुपर्छ । यससम्बन्धी योजना हामी मंसिर अन्तिमतिर सार्वजनिक गर्नेछौं पार्टीका अन्य कार्यक्रम र कार्यान्वयन हाम्रो घोषणापत्रबाट सार्वजनिक गराउने छौं ।

**अबको राजनीतिक पार्टी**

अबको राजनीतिक पार्टी सेवा र त्यागको भावनाले सिंजित हुनुपर्छ । पेसाको लोभले होइन । सेवा र त्यागले अनन्तकालको लागि पनि गर्न सकिँदैन । यसका लागि सिर्जनशीलता एवं एकाग्रता चाहिन्छ र यो चलायमान हुन्छ ।

उमेर पुग्दै गएपछि यो कम हुँदै जान्छ साथै जिन्दगीभर सेवा र त्यागमा मात्र तल्लीन भई घरव्यवहार परिवारको आम्दानी खर्च पुऱ्याउन सक्ने व्यक्तिहरुको संख्या निकै थोरै छ । त्यसैकारण राजनीति गर्न समयको पाबन्दी चाहिन्छ र अधिनायकवाद सिर्जना हुन नदिन एक पद एक व्यक्ति र पार्टी वा सरकारमा दुई कार्यकालभन्दा बढी रहन नपाउने व्यवस्था हुनुपर्दछ ।

यही उद्देश्यले हामी गतिशील लोकतान्त्रिक पार्टी स्थापना गरेका छौं । चुनावमा २० प्रतिशत भन्दा बढी मत जितेको खण्डमा मात्र सरकारमा जानेछौं । नत्र सशक्त विपक्षीको भूमिका निर्वाह गर्छौं । त्यस्तै पार्टीको आर्थिक व्यवस्थापन अति महत्वपूर्ण हुन्छ । किनकी पार्टीको नाममा अवैधानिक रकम जम्मा भयो भने यसले आर्थिक विचलन ल्याउन सक्छ । यसप्रकार बेथितीबाट रकम जोहो गर्ने व्यक्तिहरुको कब्जामा पार्टी रहन जान्छ । त्यसैकारण हाम्रो पार्टीको आर्थिक आचारसंहिता पारदर्शी राखेका छौं ।

पार्टीको आर्थिक आचारसंहिता वेवसाईटमार्फत सार्वजनिक गर्न लागेका छौं । सबै खर्च/आम्दानी पारदर्शी रुपले राख्ने छौं । एउटा व्यक्ति वा संस्थाले पार्टीको वार्षिक कूल बजेटको ५ प्रतिशत भन्दा बढि योगदान दिन पाउने छैन । त्यस्तै पार्टीको कुनै पनि अधिकारिक उम्मेदवारलाई चुनाव खर्च, प्रचार प्रसारका लागि खर्च पार्टीले दिने छैन । हरेक उम्मेदवारले निर्वाचन आयोगले तोकेको अनुसार चुनाव खर्च आफ्नो स्रोतबाट उठाई खर्च गर्ने छन् र चुनावपछि पारदर्शी हिसाब पेश गर्ने छन् ।

**जेनजी आन्दोलनको औचित्य र उपलब्धि**

भदौ २३-२४ को जेनजी आन्दोलनमा धेरै युवाहरुले सदाहत प्राप्त गरे । सयौं युवाहरुको अंगभंग र खरबौंको सम्पत्ति क्षति किन भयो । यस विषयमा सूक्ष्म विश्लेषण हुन जरुरी छ । भविष्यमा फेरि यस्तो नदोहोरिन के-के गर्नुपर्छ, त्यसको पनि निक्यौंल गर्नुपर्छ । सारांशमा भन्ने हो भने राजनीतिक पार्टीहरुले राज्य सञ्चालनमा युवाहरुको अकांक्षा र आवश्यकतालाई सम्बोधन गर्न सकेनन् । राजनीतिलाई जब पूर्णकालीन पेसा बनाइन्छ, त्यसमा विभिन्न गलत हथकण्डाहरु अपनाइन्छ ।

उही नेताहरु हरेक तप्कामा सधैं बसी रहने उद्देश्यसहित आश्रित कार्यकर्ताको जमघट बनाएका हुन्छन् । उनीहरुको रोजगारी र व्यवहार राजनीतिक दबाब र भनसुनबाट चलाउने, शासकीय प्रक्रिया र पदलाई आफ्ना कार्यकर्ताको भर्तिकेन्द्रमा परिणत गरेपछि राज्य सञ्चालनमा स्वत: भ्रष्टाचार, शोषण र बेथितिको स्थापना हुनपुग्यो । सिर्जनशीलता र व्यवस्थापन सूत्रले राज्य सञ्चालन भएन । सर्वसाधारणको जनजीवनमा हरेक पल कष्टकर र निर्वाहमुखी हुँदै गयो । भ्रष्टाचार, बेथिती र बेरोजगारीले देशैभरि प्रसय पायो ।

भदौ २३ गते मात्र होइन, प्रजातन्त्र स्थापनाकाल २००७ सालदेखि आजसम्म कति नेपाली युवाहरुले आफ्नो अमूल्य जीवनको आहुति दिएर देश र देशवासीको खुसी, समस्त समृद्धि, मौलिक आधारभूत अधिकार, सुख र शान्तिसँग बाँच्ने र व्यवसाय गरी उन्नति गर्ने अवसर सिर्जना गर्न सहादत हासिल गरे । तर उनीहरुको सपना/बलिदान सार्थक भयो त ? हाल देशमा रहेको भ्रष्टाचार, शोषण, बेरोजगारी, गरिबी, आधारभूत अधिकारको कमी र निराशाको अवस्थाको लागि यी युवाहरु सहिद भएका हुन त ?

हरेक पटक आन्दोलन भयो, पूराना सत्ताको भ्रष्टाचार र कुशासनलाई समाधान गर्ने कोरा नारा नयाँ आन्दोलनकारीले लगाउने गर्छन् । असंख्य सहिद भएर सत्ता परिवर्तन गर्छन् तर नयाँ सत्ताधारीले आफ्नो निकृष्ट व्यक्तिहरु र संस्थाहरुको निहित स्वार्थको लागि भ्रष्टाचार, शोषण र त्यसलाई हासिल गर्न कुसाशन अझ विकराल बनाउँदै गए । यसो हुनुको कारण प्रथमत: कुनै ठोस योजना नहुने र दोस्रो राजनीतिलाई पैसा कमाउने भाँडो बनाउनु हो ।

जेनजीको आन्दोलनको एउटा नविनतम् अवसर दिएको छ । पुरानो शासनसत्ता केही घण्टामै निर्मूल पारी खाली स्लेटमा फेरि नेपाल र नेपालीको सुन्दर भविष्य कोर्ने अवसर दिएको छ । अब गालीगलौच, लाञ्छना र कोरा नारा र 'सब्जेक्टिभ' उद्देश्य होइन, भ्रष्टाचार र पेसागत राजनीतिको मियो मै उन्मूलन गरी वस्तुपरक कार्यक्रम र उद्देश्य हासिल गरी रोजगारी, समतामूलक समृद्धि र मितव्ययिता पूर्वक चुस्त सुशासन व्यवस्थापन गर्ने हो ।

नेपाल र नेपालीको सुन्दर भविष्य देख्ने हामी केही नेपाली नयाँ सोच लिएर अगाडि आउँदै छौं । अब नेपाललाई नयाँ युगमा लिएर जानुपर्छ भन्ने विश्वास भएका नेपाली दिदी बहिनी/दाजु भाइहरुलाई मुकदर्शक नबनिकन अगाडि बढौं भन्ने आग्रह छ । हरेक मन्त्रालय, विभाग, विभिन्न सरोकारका विषय वस्तु संगठन, हरेक वडा, पालिका, प्रदेश र अन्त्यमा संघको वस्तुगत सोच, योजना र संचालन कसरी गर्ने हो सोको योजना, विचार लिएर एक ठाउँमा आउनुपर्छ ।

हाम्रो राष्ट्रको अब इतिहासमा भएका गलत निर्णयहरु नदोहोऱ्याउन र सुन्दर नेपालको निर्माण गर्न, योजनाकारहरु, नेतृत्व दिन सक्ने राष्ट्र सेवकहरु अगाडि बढ्नुपर्छ । जेनजी र यस अघिका आन्दोलनकारीहरुको यत्रो बलिदानबाट प्राप्त यस नौलो अवसरको सदुपयोग गर्नुपर्छ । गतिशील लोकतान्त्रिक पार्टीमा हामी निमित्त पात्र मात्र हौं । केही नयाँ सोच, संस्कार, सिद्धान्त र योजना लिएर अगाडि आएका छौं । यो राजनीतिक पार्टी आगामी पूस्ता र त्यसपछिका पूस्ताका लागि नासो हो । देशलाई सामर्थ्यवान व्यक्तिहरुले नेतृत्व गर्नुपर्छ । नेपाललाई एउटा नमूना, समतामूलक, समावेशी, शान्त र विकसित राष्ट्रको रुपमा रुपान्तरण गर्नैपर्छ ।

(साभार: अनलाइनखबर)

# ऊर्जा क्षेत्रमा तरक्कीको आधार

✍ दुनबहादुर बुढाथोकी

वास्तवमा नेपालजस्तो कम लागतमा जलविद्युत् उत्पादन गर्न सकिने भौगर्भिक बनावट विश्वमा विरलै पाइन्छ । यसो हुनुको मूल कारण ठूला नदीनालाहरुको उद्‌भव हिमालबाट हुनु हो । जबकि समथर भूगोलमा बग्ने नदी जलविद्युत् उत्पादनको दृष्टिकोणबाट उपयोगी हुन सक्दैन । अथवा जलविद्युत् निकै महँगो पर्न जान्छ । जलविद्युत् उत्पादन गर्न सकिने सम्भावनाको हकमा, कर्णाली बेसिनबाट ३२ हजार मेगावाट, गण्डकी बेसिनबाट २१ हजार मेगावाट, कोशी बेसिनबाट २२ हजार मेगावाट र अन्य नदीबाट ८ हजार २ सय ९० मेगावाट गरी कुल ८३ हजार २ सय ९० मेगावाट जलविद्युत् उत्पादन गर्न सकिने अध्ययनले देखाएको छ । जसमा आर्थिक तथा प्राविधिकरुपमा ४२ हजार १ सय ३३ मेगावाट उपयुक्त ठहऱ्याइएको छ ।

जलस्रोतको प्राचुर्यता, भौगोलिक अवस्थिति, जलविद्युत् क्षेत्रमा भए/गरेका सन्धि-सम्झौताहरु, राज्यले अगाडि सारेका नीति-नियम, राज्यले खडा गरेका सांगठनिक संरचना, निजी क्षेत्रको तत्परता आदिका कारण जलविद्युत् क्षेत्रले पछिल्लो समयमा तारिफयोग्य तरक्की गरिरहेको छ । अहिले जलविद्युतको कुल जडित क्षमता ३ हजार ५ सय मेगावाट पुगिसकेको र आगामी सालदेखि नेपाल खुद निर्यातकर्ता बन्ने निश्चितप्राय: छ । प्रस्तुत सन्दर्भमा आर्थिक कूटनीतिको सबैभन्दा आश लाग्दो क्षेत्र जलविद्युतमा उघ्रँदै गरेका सम्भावनाहरु यहाँ उल्लेख गरिन्छ ।

**स्थायी जलप्रवाह** :

ठूला नदीको मुहान हिमाल तथा तिब्बतबाट बहने नदी रहेका छन् । हिमालबाट उद्‌भव हुने नदीहरुमा पानीको प्रवाहमा बढी स्थायित्व हुने र तराईसम्म आइपुग्दा लामो दूरीको ओरालो जमिन पार गर्नुपर्ने हुँदा यस्ता नदीहरुमा जलविद्युतको प्राचुर्यता स्वाभाविकरुपमै उच्च र हन्छ । यस किसिमका नदीहरु नेपालमा बग्रेल्ती छन् । उद्‌भव वा मुहानको कुरा गर्दा अरुण, सुनकोशी, तामाकोशीको मुहान तिब्बतमा रहेको छ भने दूधकोशीको चोयु हिमाल, सेतीको व्यास हिमाल, बुढीगण्डकीको भुंगाजोर हिमाल, कालीगण्डकीको मुस्ताङ हिमाल, मादीको मुक्तिनाथ हिमाल, त्रिशूलीको गोसाईंकुण्ड, महाकालीको मुहान जस्कर हिमालमा रहेको छ । त्यसैले यी नदी स्थायी किसिमको जलप्रवाह हुने नदीहरु हुन् ।

**भारतसँग आयोजना विकास सहकार्य** :

विद्युत् व्यापारका दृष्टिकोणबाट भारत सबैभन्दा सहज बजार हो । चाहेर वा नचाहेर पनि भारतीय विद्युत् बजारले नेपालका लागि विशेष महत्व राख्छ । अर्थात् जलविद्युत् आयोजना निर्माण एवं विद्युत् ब्यापारका दृष्टिकोणबाट भारत नजरअन्दाज गर्न मिल्ने मुलुक होइन । नेपाल-भारतबीच जलविद्युत् आयोजना निर्माण, विद्युत् व्यापार र ग्रीड अन्तर आबद्धतासम्वन्धी सन्धि-सम्झौता, पहल र कूटनीतिक प्रयासहरु हुँदै आएका छन् । सन्धि-सम्झौताको हकमा सन् २०११ अक्टुबर २१ मा द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण (बिप्पा), सन् २०११ नोभेम्बर २७ मा दोहोरो करमुक्ति सम्झौता (डीटीटीए), सन् २०१४ अक्टुबर २१ मा विद्युतीय ऊर्जा व्यापार, अन्तर सीमा प्रसारण लाइन तथा ग्रीड आबद्धतासम्वन्धी सम्झौता भइसकेको छ । त्यस्तै ऊर्जा क्षेत्रमा सहकार्यका लागि नेपाल-भारत सचिवस्तरीय जलस्रोत समिति गठन भई समय-समयमा बैठक बस्दै आएको छ । विद्युत् व्यापारका लागि ऊर्जा व्यापार सम्झौता (पीटीए) भई आवश्यक संयन्त्र निर्माण भएको छ । सीमाक्षेत्रमा अवस्थित ६ हजार ४ सय ८० मेगावाटको पञ्चेश्वर आयोजना निर्माणको लागि दुईपक्षीय सदस्य रहने गरी पञ्चेश्वर विकास प्राधिकरण स्थापना भएको छ ।

जलविद्युत् आयोजना निर्माणको हकमा १ खर्ब ४४ अर्ब (२०२०) लागतको ९ सय मेगावाटको अरुण तेस्रो निर्माणार्थ भारतीय कम्पनी सतलज निगमसँग सम्झौता भई निर्माण कार्य अघि बढेको छ । १ खर्ब १६ अर्ब (२०११) लागतको ९ सय मेगावाटको माथिल्लो कर्णाली आयोजना निर्माणार्थ जीएमआर इनर्जी लिमिटेडसँग आयोजना विकास सम्झौता (पीडीए) भइसकेको छ । ९२ अर्ब ३ करोड लागतको ४ सय ८० मेगावाटको अर्धजलाशययुक्त फुकोट कर्णाली, ३ खर्ब लागतको १२ सय ५० मेगावाटको पश्चिम सेती तथा एसआर सिक्स (८ सय मेगावाटको पश्चिम सेती र ४ सय ५० मेगावाटको एसआर सिक्स) निर्माणार्थ एनएचपीसी लिमिटेडसँग सम्झौता भइसकेको छ ।

**बंगलादेशमा बिजुली बिक्री** :

ऊर्जाको लागि बंगलादेश मूलत: प्राकृतिक ग्यास र कोइलामा निर्भर मुलुक हो । ऊर्जाको स्रोतको हकमा पछिल्लो अध्ययनले प्राकृतिक ग्यास अनुमान गरिएभन्दा न्यून देखाएको छ । सोही कारण बंगलादेशले आगामी ३ वर्षभित्र कोइलाबाट ऊर्जा उत्पादन गर्ने आयोजनाहरु बन्द गर्ने सोच बनाइसकेको छ ।

ऊर्जा आवश्यकताको हकमा तयारी पोशाकलगायतका उद्योगहरुमा तरक्की गरिरहेको बंगलादेशलाई आगामी सन् २०४० सम्ममा २४ हजार मेगावाट नवीकरणीय ऊर्जा आवश्यक पर्ने, सो आवश्यकतामध्ये नेपाल, भारत र भुटानबाट ९ हजार मेगावाट विद्युत् आयात गर्ने सोच बनाएको छ । नेपाल-बंगलादेश ऊर्जा सहकार्यको हकमा १ हजार १ सय १० मेगावाटको सुनकोशी तेस्रो जलाशययुक्त आयोजना निर्माण गरी उत्पादित बिजुली लैजाने प्रस्ताव गर्दै आएको छ । सन् २०२४ देखि पहिलो चरणमा ४० मेगावाट विद्युत् खरिद गर्न राजी भई सो अनुरुप ४० मेगावाट बराबरको विद्युत् निर्यात थालनी भसकेको छ ।

क्रमश: पृष्ठ-३.....

# रास्वपा, जेनजी, बालेन र कुलमानबीचको सहकार्यका भित्रि कथा





काठमाडौं/सुरुमा त रास्वपालाई जेनजी विद्रोह खासमा के-कसरी भएको हो भनेर खुट्याउनै समय लाग्यो । केन्द्रीय समितिका केही युवा नेताहरू सडकमा उत्रिएका जेनजी नवयुवाको समर्थनमा माइतीघर देखि बानेश्वरसम्म देखिए पनि सिंगो पार्टीले आत्मसात् गर्न सकेन । तर अहिले रास्वपा एकाएक सहकार्य तथा एकता प्रक्रियाको ढोका खोल्न अघि बढेको छ । भदौ २३ र २४ मा घटित नवयुवा विद्रोह तथा विध्वंसको बारेमा केही भर्चुअल बैठक तथा अन्तर्क्रियापछि रास्वपा यो नयाँ परि स्थितिलाई नेतृत्व लिने र सम्हाल्ने मनस्थितिमा पुगेको हो ।

सभापति लामिछानेको निर्देशन तथा दुई उपसभापति स्वर्णिम वाग्ले र डीपी अर्यालको संयोजनमा रास्वपा यतिखेर जेनजी युवा, बालेन समूह तथा कुलमान घिसिङ पक्षसँग आन्तरिक परामर्शमा जुटेको छ ।

विभिन्न पक्षसँग उच्चस्तरीय संवादका लागि संयोजक तोकिएका उपसभापति स्वर्णिम वाग्लेले कुलमान घिसिङ र बालेन समूहका प्रतिनिधि दुवैतर्फ एकसाथ छलफल गरेका छन् । उनले आफ्नो रविभवनस्थित कार्यालयमा केही जेनजी प्रतिनिधि बोलाएर छलफल गरेका छन् ।

जेनजीभित्र एउटै समूह नभएकाले रास्वपा कुन चाहिँ समूहसँग कुरा अघि बढाउने भन्ने द्विविधामा देखिन्छ । जेनजीको एउटा ठूलो समूहसमेतको समर्थनमा दुई दिनभित्र दल दर्ताको प्रक्रिया अघि बढिरहेको र त्यसमा आफ्नो दलबाट बाहिरिएकी सुमना श्रेष्ठसहितका नेता सामेल हुन लागेको तथ्यसँग रास्वपा नेतृत्व जानकार छ । तर जेनजीका अरू युवाहरूलाई नजिक्याउन र ास्वपाकै नेताहरू सक्रिय देखिन्छन् ।

यी सबै छलफलबारे नख्खु कारागारमा रहेका सभापति लामिछाने, अनि पार्टीको उच्च तह जानकार देखिन्छ । वाग्लेले केही दिनअघि ऊर्जामन्त्री कुलमान घिसिङसँग राजधानीकै एक गोप्य ठाउँमा लामो डिनर वार्ता गरेका छन् । कुलमान घिसिङ रास्वपामा आउनसक्ने दाबी गर्दै पुकार बम नेतृत्वको एकता कार्यदलले छलफल चलाउँदै गर्दा उपसभापति वाग्लेले आयातित सभापति ल्याउन नसकिने सार्वजनिक अडान राखेका थिए ।

रास्वपाको एउटा पक्षले एकता भाँड्न उपसभापतिकै तहबाट अभिव्यक्ति आएको आरोप लगाए पनि वाग्ले र कुलमानबीच त्यसपछि समेत अरू केही चरणमा समेत कुरा भएको बुझिएको छ ।

'कुलमान घिसिङले रास्वपासँग एकता हुने अवस्था आए उज्यालो नेपाल भन्ने नामलाई पार्टीकै नाममा थप्नुपर्ने शर्त राख्नुभयो, अनि चुनाव चिह्नको बारेमा पनि उहाँका आफ्ना भनाई थिए,' उच्च स्रोतले भन्यो, 'वाग्लेले उज्यालो नेपालको नारालाई पार्टीको चुनावी वाचापत्रको कभरमै समेटेर जान सकिने विकल्प दिनुभएको छ, उहाँले बरु कुलमान घिसिङका लागि आफ्नो उपसभापति पदसमेत त्याग गर्न सक्ने भन्दै अहिले सभापति पदको दाबी नगर्न आग्रह गर्नुभएको हो, आयातित भनेर ह्युमिलियट गर्न खोजेको होइन ।'

विगतमा लोडसेडिङ अन्त्यको प्रयासमार्फत् राष्ट्रव्यापी चर्चामा आएका विद्युत प्राधिकरणका पूर्वकार्यकारी घिसिङले त्यही सफलतालाई आफ्नो राष्ट्रिय राजनीतिक महत्वाकांक्षासँग जोड्न खोजेका छन् । वाग्लेले त्यो नारालाई लाक्षणिक रूपमा अबको नेपालको समृद्धि र आर्थिक सफलतासँग जोड्दै उज्यालो नेपाल भन्न सकिने विकल्प दिएका थिए ।

'उपसभापतिज्यूले विगतमा बीपी कोइराला जेलमा छँदा कृष्णप्रसाद भट्टराईले आठ वर्ष कार्यवाहक सभापति चलाएको अनि महाधिवेशन नहुँदासम्म लामै कार्यवाहक चलाएको इतिहास सम्झाउनुभयो, अहिले पार्टी सभापति लामिछाने राजनीतिक पूर्वाग्रह तथा प्रतिशोधवश जेलमा राखिएकाले यही अवस्थामा उहाँको विकल्प खोज्न नहुने उहाँको भनाइ हो,' रास्वपाका एक शीर्षस्थ नेताले भने, 'अरू पदमा समेटिएर रास्वपासँग एकतामा जाने वा नजाने भन्नेबारे कुलमानजीले साथीहरूसँग छलफल गर्ने भन्नुभएको छ ।'

खासमा घिसिङको प्राथमिक योजना भने रास्वपासँग एकता गर्ने भन्ने छैन । यद्यपि वाग्लेले अब छोटो समयमा सबै जिल्ला र पालिकामा संगठन तथा प्रभाव पुऱ्याउन कुनै पनि नयाँ दललाई सहज नहुने भन्दै साझा विचार र लक्ष्यमा बाँधिएर अघि बढ्न आग्रह गरेका छन् ।

घिसिङ यति बेला भारतमा रहेकाले नयाँ दल नै बनाएर जाने वा अरूसँग सहकार्य गर्ने भन्ने कुरा अड्किएको छ । उनको प्रस्तावित नयाँ दल दर्ता प्रक्रियाका लागि विधान, घोषणापत्र लेखन तथा प्राविधिक बौद्धिक सहयोग दिइरहेका प्राध्यापक मुक्तसिंह लामाले अझै केही दिन लाग्ने बताए ।

'एकता सहकार्य कोसँग हुन्छ भन्ने कुराका लागि त कुलमानजीसँगै कुरा गर्नुहोला, तर आफ्नै दल बन्न सक्छ भन्ने मानेर प्रस्तावित पार्टी नामका लागि १५-१६ वटा विकल्पमा छलफल भइरहेको छ,' लामाले भने, 'समूहले छलफल तथा तयारी गरिरहेको छ । अहिले सबै कुरा भन्न सकिने अवस्था छैन । उज्यालो नेपाल नाम अरू कसैले लिइसके पनि त्यो खारेज भइसकेको जस्तो पनि देखिन्छ । त्यो नै हाम्रो दलको नाम पनि हुन सक्छ ।' रास्वपाले हिजो मंगलबार बालेन साह निकट पक्षसँग लामो वार्ता गरेको थियो । वाग्लेसहित केही नेता त्यसमा सामेल थिए भने बालेन पक्षबाट सुशील ढकालसहित केही युवा सामेल थिए । उनीहरूले सहकार्यका सम्भावनाबारे खुलेर कुरा गरेको बुझिएको छ ।

असोज तेस्रो साता नख्खु कारागार गएर कुमार बेनले रवि लामिछाने स्वयंसँग छलफल गरेका छन् । लामिछानेले जेनजी विद्रोहले दल तथा राजनीतिक संरचनामा ठूलो पुनसंरचना माग गरेको भन्दै सानातिना आकांक्षा र पदीय लेनदेनमा नअड्किई एकता वा गठबन्धन वा कुनै पनि मोडालिटीको विकल्पमा खुला छलफल गर्न बेनलाई आग्रह गरेका थिए ।

लामिछानेले पार्टीको महत्त्वपूर्ण निर्णयमा वाग्ले तथा अर्यालसँग गरिने छलफल आफूलाई मान्य हुने पनि बेनलाई बताएका छन् । तर बालेन पक्ष भने रास्वपाले यसअघि संसदीय चुनावमा महत्त्वपूर्ण सिटहरू जितिसकेको लिगेसी देखाउँदै आफूहरूलाई दबाबमा राख्न खोजेको बुझाईमा छ ।

'घण्टी चिह्नको मोह देखियो, अनि आफ्ना नेताहरूलाई प्राथमिकता बढी दिन खोजेको देखिन्छ,' बालेन पक्ष भन्छ, 'अहिले युवाको सपना साकार पार्न मिलेर जाने बेला हो । यो बुझ्न चाहिँ राजनीतिमा समय लाग्ने रहेछ ।'

वाग्लेको टिमले उच्च स्तरीय संवादका लागि विभिन्न दल तथा पक्षसँग कुरा गरिरहेकै बेला जेनजी सहितको पुस्तासँग संवाद गर्न गठन भएको पुकार बमको कार्यदलले विभिन्न पक्षसँग वार्ता तथा अन्तर्क्रिया गरिरहेको छ । पुकारको नेतृत्वमा रहेको कार्यदलमा सोविता गौतम, क्रान्तिशिखा धिताल, गणेश कार्की तथा ज्वाला संग्रौला सदस्य छन् । यो पाँच सदस्यीय कार्यदलले जेनजीका विभिन्न समूह सहित अन्य दलका नेताहरूसँग पनि संवाद गरेको छ ।

उच्च संवाद समितिका संयोजक रहेका डा. स्वर्णिम वाग्लेले विश्वासको वातावरण जागृत भएको, तर छलफल टुंगोमा पुगिनसकेको भन्दै केही दिन पर्खन आग्रह गरे । उनले आफ्नो समितिले शीर्षस्थ तहमा तथा पुकार बमको समितिले जेनजीसहितका विभिन्न पक्षसँग कुरा गरिरहेको भन्दै सकारात्मक परिणामको अपेक्षा गरिएको सुनाए ।

'अहिले वैकल्पिक राजनीति तथा नयाँ परिस्थितिमा जानुपर्ने आग्रह गर्ने सबैजसो साथीहरूसँग केही चरणमा कुरा गरेका छौं,' डा. वाग्लेले संचार कर्मीसँग भने, 'भेटघाटका पहलहरू हामीले नै लिएका छौं, कतिपय जेनजी र दल खोल्न आकांक्षी मित्रहरूले हामीलाई समेत खोज्दै आउनुभएको छ । नयाँ परिस्थितिलाई सम्हाल्ने तत्परतासहित वार्ताहरुले गति लिएका छन् ।'

वाग्लेले शुक्रबार एक बजे सिंहदरबारमा सामूहिक रूपमा समेत सहकार्य र एकताका विकल्पहरूमा छलफल गरिने जानकारी दिए ।

कार्यदलका एक सदस्यका अनुसार सुशासनको मुद्दा उठाएका जेनजीहरू सहकारीको रकम अपचलनमा कारागारमा रहेका र विलाई स्वीकारेर पार्टीमा सहभागी हुन सकिन्न भन्ने विचार राखेका छन् । रास्वपाले भने लामिछानेबाट त्रुटि हुन सक्ने भए पनि विगतको सरकारले साँधेको प्रतिशोध बिर्सन नहुने भन्दै पुराना दललाई सबक सिकाउन पनि मिल्नुपर्नेमा जोड गर्यो ।

रास्वपा सैद्धान्तिक रूपमा नयाँ धारका युवा तथा विभिन्न पक्षसँग मिल्नुपर्ने आह्वानसहित अघि बढेको देखिन्छ । पार्टीभित्रैको ठूलो समूह सभापति लामिछानेको विकल्प खोज्न यति बेला तयार देखिँदैन । वाग्ले, सोविता गौतम लगायत नेताले र विको विकल्प अहिले सोच्न नसकिने बताएका छन् । गौतमले पार्टी सचिवालय बैठकपछि भनेकी छन्, 'कोही व्यक्ति पार्टीमा प्रवेश गरेर भइरहेको संगठनमा हालीमुहाली गर्न सकिने कल्पना गर्न सकिँदैन ।'

दोस्रो पक्ष भने लामिछानेलाई प्रस्तावित एकीकृत दलको संरक्षक वा सर्वोच्च नेता मानेर अर्को व्यक्तिलाई सभापति मान्नुपर्ने जिकिरमा छ । यी बिन्दुमा कुरा नमिलेर एकता प्रक्रियाका संवाद अघि बढाउन नसकिएको नेताहरूले बताएका छन् । 'बालेन आएमा रवि दाइले उहाँलाई सभापति मान्न तयार हो, तर बालेन नै सभापति हुन चाहँदैनन्,' वार्ता टोलीका एक नेताले भने, 'सभापतिको आकांक्षी अरू वैकल्पिक नाममा भने रवि दाइको खासै इच्छा छैन ।'

एकता प्रक्रिया अघि नबढे बृहत् गठबन्धन बनाएर नयाँ वैकल्पिक पार्टीहरूको साझा चुनावी अभियान बनाउन सकिने सम्भावनातर्फ समेत रास्वपाले ढोका खुला गरेको छ । एकता वार्ता अभियानमा सक्रिय कार्यदलमध्येका एक सदस्य गणेश कार्कीले बृहत्तर सहकार्य अहिलेको आवश्यकता भए पनि व्यक्तिका निहित स्वार्थ हावी हुँदा प्रगति अड्किएको दुखेसो गरे । 'आफ्नो आफ्नो स्वार्थ बिसाएर एकजुट हुनुपर्ने हो, तर विभिन्न परिस्थितिवश त्यो वातावरण बनेको छैन,' उनले भने, 'तर कुनै न कुनै किसिमको सहकार्य हुनैपर्छ ।'

(स्रोत: अनलाइनखबर)

# 'जारी २'को ट्रेलरमा दर्शक प्रतिक्रिया: 'इतिहास रच्छ'



काठमाडौं/२०७९ सालमा सर्वाधिक कमाइको कीर्तिमान बनाएको फिल्म 'जारी'को दोस्रो श्रृंखला कात्तिक २१ गतेबाट प्रदर्शनमा आउँदैछ । सफल फिल्मको सिक्वेल भएकाले हरेक उमेर समूहका दर्शकमा 'जारी २'प्रति उच्च चासो र उत्सुकता देखिएको छ । दुई दिनअघि सार्वजनिक ट्रेलरले त्यसमा थप उत्साह भर्दै दर्शकहरूको पर्खाइ अझ बढाएको छ ।

युट्युबमा दुई दिनमा १० लाखभन्दा बढी भ्यूज प्राप्त भएको ट्रेलरमा प्रतिक्रियाहरू उत्साहजनक देखिएका छन् । कतिले फिल्मले बक्स अफिसमा नयाँ इतिहास रच्ने दाबी गरेका छन् भने कतिपयले कथावस्तु, अभिनय र संवादको प्रशंसा गरेका छन् । ट्रेलरले फिल्म उत्कृष्ट बनेको प्रमाण पेश गरेको भन्दै रिलिजकै दिन हलमा गएर 'जारी २' हेर्ने इच्छा पनि धेरैले प्रकट गरेका छन् ।

उपेन्द्र सुब्बाको लेखन तथा निर्देशनमा बनेको यो फिल्ममा दयाहाङ राई, मिरुना मगर, विजय बराल, बुद्धि तामाङ, ऋचा शर्मा, पुष्कर गुरुङ, प्रेम सुब्बा, कमलमणि नेपाल, अनिल सुब्बा, रेखा लिम्बू लगायतको अभिनय रहेको छ । 'सङ अफ च्याब्रुङ' उपशीर्षक राखिएको फिल्मका निर्माताहरू रामबाबु गुरुङ, मधु मिजार र जीवन गुरुङ हुन् ।

रिलिजको १० दिनअघि नै केही मल्टीप्लेक्सहरूले 'जारी २'को अग्रिम टिकट बुकिङ खुला गरिसकेका छन् । यसले फिल्मप्रति हल व्यवसायीहरूको उच्च अपेक्षा स्पष्ट रूपमा देखाउँछ । दर्शकमा पनि फिलमप्रति उच्च चासो देखिएकाले बक्स अफिसमा आक्रामक व्यापार हुने अनुमान गरिएको छ । यसको अघिल्लो श्रृंखलाले १७ करोड १७ लाखभन्दा बढीको व्यापार गरेको थियो ।

# 'मन बिनाको धन'को ट्रेलरमा अशोकको संघर्ष र सफलताको कथा




काठमाडौं/गायक अशोक दर्जीको जीवनकथामा आधारित फिल्म 'मन बिनाको धन'को ट्रेलर सार्वजनिक गरिएको छ । बुधबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै दर्शकमाझ ल्याइएको ट्रेलरले गायक दर्जीको संघर्ष र सफलताको कथा पेश गरेको छ । बाल्यकालमा पैसाका लागि सडकमा गीत गाउने अवस्थाबाट चर्चित गायक बन्ने यात्रासम्मको घटनाक्रमलाई यसमा समेटिएको छ ।

प्रेम, हाँसो, रोदन र खुसीको मिश्रण रहेको ट्रेलरमा अशोकको संघर्षपूर्ण बाल्यकाल, 'मन बिनाको धन' गीतको लोकप्रियतापछि पाएको ख्याती, स्कूले जीवनका र माइला क्षणहरूसँगै निमुखा जनतामाथि राज्यले गर्ने व्यवहार र विदेश पलायनको कथालाई पनि मर्मस्पर्शी रूपमा देखाइएको छ । ट्रेलरमा समावेश केही दृश्यले कथामा ठूलो ट्विस्टको संकेत गरेका छन् ।

संगीतकार टंक बुढथोकीको निर्देशनमा बनेको यो फिल्ममा अशोकसहित सरोज खनाल, नीता ढुंगाना, रमेश विश्वकर्मा, भोला सापकोटा, बुद्दि तामाङ, रवीन्द्र झा, सन्तोष पन्त, रमा थपलिया, उत्सव सापकोटा, एआर बुढाथोकी, शंकर श्रेष्ठ, साम्राज्ञी थापा, बिना राउत लगायतको अभिनय रहेको छ । यसमा टंक स्वयंको कथा छ भने पटकथा शिवम् अधिकारीले तयार पारेका हुन् ।

कात्तिक २१ गतेबाट प्रदर्शन हुन लागेको 'मन बिनाको धन'मा सौरभ लामाको छायांकन, कविराज गहतराज र रामजी लामिछानेको कोरियोग्राफी, टंक बुढाथोकी संगीत तथा मित्र डि. गुरुङको सम्पादन रहेको छ । बिष्णु माया मैनाली निर्माता रहेको फिल्ममा जी.पी संग्रोला, विवेक नेपाल र विजया पाण्डे सह-निर्मातामा छन् । सपना शर्मा कार्यकारी निर्माता हुन् ।

# ऊर्जा क्षेत्रमा तरक्कीको....

**निजी क्षेत्रको आकर्षण** :

वि.सं. २०४८ पूर्व जलविद्युत् आयोजना सार्वजनिक तहमा मात्र निर्माण हुने गरेकोमा विद्युत् ऐन, २०४९ जारी भई निजी क्षेत्रको प्रविष्टी भएको हो । जलविद्युत् क्षेत्रमा निजी क्षेत्र पदार्पण भएको अढाइ दशकमा निजी क्षेत्रको पहलकदमीमा जलविद्युत् क्षेत्रले आयामिक फड्को मारिसकेको छ ।

वि.सं. २०८० फागुन सम्ममा जलविद्युत्को कुल जडित क्षमता २ हजार ९ सय ७५ मेगावाट पुगेकोमा नेपाल विद्युत् प्राधिकरणको ६ सय ६० मेगावाट, नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीको ४ सय ९२ मेगावाट रहेकोमा निजी क्षेत्रको १ हजार ८ सय २२ मेगावाट हिस्सा रहेको छ । जलविद्युत् क्षेत्रमा १३ खर्ब लगानी गरिसकेको निजी क्षेत्रले ८६ मेगावाटको सोलु दूधकोशी (साहस ऊर्जा) निर्माण सम्पन्न गरि सकेको छ । २ सय ८५ मेगावाटको माथिल्लो तमोर अर्धजलाशययुक्त आयोजनामा (तमोर सानिमा इनर्जी) निर्माणका लागि वित्तीय व्यवस्थापन भइसकेको छ भने ३ सय ४१ मेगावाटको बुढीगण्डकी आयोजना निर्माणका लागि जुटिरहेको छ ।

अर्कोतर्फ विनाविलम्ब प्रतिमेगावाट नेपाल विद्युत् प्राधिकरणभन्दा कम लागतमा आयोजना निर्माण सम्पन्न गरेर देखाइसकेको छ । आगामी दिनमा ५ सय मेगावाट सम्मको आयोजना निर्माण गर्ने आँट गरिरहेको निजी क्षेत्र विद्युत् व्यापार र प्रसारण लाइन निर्माणमा समेत तत्पर रहेको छ । त्यस्तै, मझौला आकारको सिभिल, मेकानिकल र इलोक्ट्रो मेकानिकल कार्य गर्न निजी क्षेत्र सफल भइसकेको छ ।

**राष्ट्रिय गौरवका आयोजना** :

राष्ट्रिय अर्थतन्त्र, राज्यको प्रतिष्ठा र रणनीतिक महत्वका आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाको संज्ञा दिइन्छ । यस्ता आयोजनालाई राज्यद्वारा वार्षिक बजेटमार्फत स्रोत-साधनको सुनिश्चितता मात्र प्रदान गरिएको हुँदैन, बल्की राज्यको विशेष रखवारी रहेको हुन्छ । कुल २४ वटा आयोजनाहरुमध्ये जलविद्युत् क्षेत्रका ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोशी, १ हजार २ सय मेगावाटको बुढीगण्डकी र ८ सय मेगावाटको पश्चिम सेती आयोजना राष्ट्रिय गौरवका आयोजनाका रुपमा सूचीकृत छन् । सूचीकृत आयोजनामध्ये माथिल्लो तामाकोशी आयोजना निर्माण सम्पन्न भई व्यावसयिक रुपमा सञ्चालनमा आइसकेको छ । चिनियाँ कम्पनी थ्री गर्जेजले चासो नदेखाएपश्चात् भारतीय कम्पनी एनएचपीसी लिमिटेडको पहिलकदमीमा पश्चिम सेती आयोजना निर्माण कार्य अगाडि बढेको छ । त्यस्तै, चिनियाँ कम्पनी गेजुवा सम्पर्कमा नआएपश्चात् बुढीगण्डकी कम्पनी मोडलमा नेपालले नै निर्माण गर्ने गरी अगाडि बढेको छ ।

**नीतिगत प्रबन्ध** :

जलविद्युत् आयोजना निर्माण तथा ऊर्जा क्षेत्रको प्रवर्द्धन आफैँमा नीतिगत क्षेत्र पनि हो । आयोजना निर्माणका लागि राज्यले उदार र लगानीमेत्री ऐन, कानुन तर्जुमा गरेको हुनुपर्दछ । जलविद्युत् प्रवर्द्धनार्थ विद्युत ऐन २०४९, जलस्रोत ऐन २०५०, विद्युत् नियमावली २०५०, विद्युत् चुहावट नियन्त्रण नीति २०५८, जलविद्युत् विकास नीति २०५८, जलस्रोत रणनीति २०५८, जलस्रोत योजना २०६१, लगानी बोर्ड ऐन २०६८, जलविद्युत् आयोजना अनुमतिपत्र सम्बन्धी निर्देशिका २०६८, जलविद्युत् आयोजना अनुमतिपत्र सर्वेक्षण निर्देशिका २०६८, जलविद्युत् विकास सम्झौता कार्यविधि २०७१ जारी भएका छन् । निजी क्षेत्रको अपेक्षा सम्बोधन गर्ने गरी तर्जुमा गरिएको विद्युत् विधेयक २०८० अहिले संसद्मा छलफलको क्रममा छ ।

जलविद्युत् क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रुपमा सूचीकृत भएको छ । आयोजनामा प्रयोग हुने मेसिन तथा उपकरण आयातमा १ प्रतिशत भन्सार दर निर्धारण भएको छ । जलविद्युत् कारोबारीलाई मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था गरिएको छ । विदेशी लगानीकर्तालाई जलविद्युत् आयोजनामा सतप्रतिशत लगानी खुल्लासहित भिसा सुविधा र आय-आर्जन फिर्ता लैजान सक्ने सुनिश्चितता गरिएको छ । औसत १७ प्रतिशत प्रतिफल (आरओआई) रहने गरी पीपीए दर निर्धारण गर्ने गरिएको छ । कुनै भवितव्य वा काबुबाहिरको अवस्थामा ५ वर्ष थप गर्न सकिने सुविधा उपलब्ध गराइएको छ । प्रवर्द्धकले सम्झौता गर्दाको बखतमा कबोल गरेभन्दा थप कुनै किसिमको कर तथा महसुल बहन गर्नुपर्दैन । पीपीए दर विद्युत् नियमन आयोगले सिफारिस गरेबमोजिन हुने व्यवस्था छ । जलाशययुक्त आयोजनालाई एकै पटक, उत्पादन, प्रसारण र वितरण अनुमति दिइने प्रबन्ध मिलाइएको छ । पाँच सय मेगावाटभन्दा अधिक क्षमताको जलाशययुक्त आयोजनालाई निर्माण सामग्रीमा पूँजीगत अनुदान, विद्युत् महसुलमा अनुदान, सरकारी जग्गा निःशुल्क प्रदान, सहुलियत दरमा ऋण प्रबन्ध गराउने भनिएको छ ।

वनक्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउने सम्वन्धी कार्यविधि, २०६३ मा मुनाफा कमाउने उद्देश्यका साथ स्थापना भएका सार्वजनिक वा निजी क्षेत्रका जलविद्युत् कम्पनीहरुलाई आवश्यकता अनुसार वनक्षेत्रको जग्गा उपलब्ध गराउने प्रावधान छ । संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण एवं सञ्चालनसम्बन्धी कार्यनीति, २०६५ मा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई राष्ट्रिय निकुञ्ज वा आरक्ष संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रको जग्गा उपलब्ध गराइने व्यवस्था छ ।

**संस्थागत संयन्त्र** :

जलविद्युत् आयोजना निर्माण र ऊर्जा क्षेत्रको विकासका लागि संस्थागत संरचनाको स्वाभाविक रुपमै अहं भूमिका रहन्छ । जलविद्युतसम्बन्धी नीति निर्माण, अनुगमन, नियमन, समन्वय, नियन्त्रणका लागि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय स्थापना भएको छ । १ सय मेगावाटसम्मको जलविद्युत् आयोजनाका लागि सर्वेक्षण, उत्पादन, प्रसारण र वितरण अनुमति प्रदान गर्न विद्युत् विकास विभाग स्थापना भएको छ । पीपीए दर निर्धारण, पीपीए कार्यान्वयन, ह्वीलिङ चार्ज निर्धारण र जलविद्युत्सम्बन्धी विवाद समाधानका लागि विद्युत् नियमन आयोग स्थापना भएको छ ।

जलविद्युत् क्षेत्रको अध्ययन-अनुसन्धानका लागि जल तथा ऊर्जा आयोगको सचिवालय स्थापना भएको छ । दुई सय मेगावाट वा ६ अर्बभन्दा ठूला जलविद्युत् आयोजनाको प्रवर्द्धनका लागि लगानी बोर्ड स्थापना भएको छ । सार्वजनिक तहमा जलविद्युत् आयोजना सर्वेक्षण, उत्पादन, प्रसारण, वितरणका लागि नेपाल विद्युत् प्राधिकरण स्थापना भएको छ । प्रसारण लाइन निर्माणको लागि राष्ट्रिय ग्रिड कम्पनी लिमिटेड स्थापना भएको छ । जलविद्युत् आयोजना निर्माणका लागि विद्युत् उत्पादन कम्पनी लिमिटेड स्थापना भएको छ । उत्पादित विद्युत्को अन्तरदेशीय व्यापारका लागि नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीको रुपमा पावर ट्रेडिङ कम्पनी लिमिटेड स्थापना भएको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# भारतमा पनि 'होस्टेल ३'ले मनायो ५१ दिन






काठमाडौं/गत वर्ष व्यावसायिक रूपमा सफल ठहरिएको फिल्म 'होस्टेल ३'ले हलमा ५१ दिने यात्रा पूरा गरेको थियो । यो उपलब्धि फिल्मले भारतमा पनि हासिल गरेको छ । सेप्टेम्बर ५ देखि भारतमा प्रदर्शन भएको फिल्मले मंगलबार दार्जिलिङको रिंक मलमा रहेको एसभिएफ सिनेमा हलमा ५१ दिन मनाएको हो । योसँगै दुई देशमा ५१ दिन मनाउने यो पहिलो नेपाली फिल्म बनेको छ ।

फिल्मलाई दार्जिलिङ सहित सिक्किम, सिलगुडी, सिङ्ताम, गुवाहाटी, आसाम र मणिपुरका ५० भन्दा बढी हलमा एकैसाथ रिलिज गरिएको थियो । फिल्मले नेपाली भाषीको बाहुल्यता रहेको सिक्किम र सिलगुडी क्षेत्रमा पनि राम्रो व्यापार गरेको जनाइएको छ । भारतमा 'होस्टेल ३'को वितरण गोर्खा फिल्म प्रोडक्सन र सुपर सिनेमाले गरेका हुन् ।

फिलमका निर्देशक सशान कँडेलले भारतमा पनि प्रदर्शनको ५१ दिन पूरा भएकोमा खुसी व्यक्त गरेका छन् । उनले फेसबुकमा लेखेका छन्, 'हामी धेरै जनाको पहिलो प्रयास थियो 'होस्टेल ३' । आर्थिक रूपमा पक्कै पनि धेरै कमाउन सकिएन होला । तर, माया अथाह कमाएका छौं । यही टिमको अर्को फिल्म आउँदा यिनीहरूले राम्रो फिल्म बनाउँछन् भन्ने भरोसा कमाएका छौं ।'

क्याम्पस जीवनका उतार-चढाव, प्रेम, मित्रता र सैर्षलाई मुख्य विषय बनाएर निर्माण भएको यो फिल्ममा पारस बम ठकुरी (कुलब्वाय), रिहान गिरी, पदम तामाङ, आशिष घिमिरे, सिम्रन पन्त, हेना नगरकोटी, समा पराजुली, सन्तोष बानियाँ लगायतको अभिनय रहेको छ । माधव शर्माको लेखन रहेको फिल्मका निर्माताहरू सुरेश कँडेल र गोविन्द अधिकारी हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# अन्तरदेशीय प्रशारण लाइन निर्माण गर्न भारतसँग सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ नेपाल र भारतबीच इनरुवा-पूर्णिया र लम्की (दोदोधारा)-बरेली ४०० केभी अन्तरदेशीय प्रशारण लाइन निर्माण गर्न संयुक्त उपक्रम (जेभी) तथा शेयरहोल्डर सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

ऊर्जा, जलस्रोत तथा सिंचाई, भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङ र भारतका विद्युतमन्त्री मनोहरलाल खठ्ठरको उपस्थितिमा बुधवार नयाँदिल्लीमा सम्झौतापत्रमा हस्ताक्षर भएको हो । सम्झौतापत्रमा नेपाल विद्युत प्राधिकरणका तर्फबाट उपकार्यकारी निर्देशक सुभाषकुमार मिश्र र पावर ग्रिड कर्पोरेशन अफ इण्डिया लिमिटेडका अन्तर्राष्ट्रिय व्यवसाय प्रमुख सञ्चालन अधिकृत सञ्जयकुमार गुप्ताले हस्ताक्षर गरे । संयुक्त लगानीसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएसँगै प्राधिकरण र पावर ग्रिडको लगानीमा दुवै प्रसारण लाइन निर्माणका लागि कम्पनी संस्थापना गर्न बाटो खुलेको छ ।



कार्यक्रममा मन्त्री घिसिङले थप दुईवटा क्रस बोर्डर प्रसारण लाइन निर्माण अगाडि बढ्नु द्विपक्षीय एवं क्षेत्रीय विद्युत व्यापारका लागि अर्को महत्वपूर्ण कोशेढुंगा भएको उल्लेख गरे । उनले अन्तर देशीय प्रसारण लाइनको निर्माणबाट दुई देशबीच तथा क्षेत्रीयस्तरमा नेपालमा उत्पादित विद्युत निर्यात गर्ने आधार तयार भई अन्तर्राष्ट्रिय ऊर्जा बजारसम्म नेपालको पहुँच पुऱ्याई नेपालका जलविद्युतमा स्वदेशी तथा प्रत्यक्ष वैदेशिक लगानी ल्याउन थप सहज हुने बताए । भारतीय विद्युतमन्त्री खठ्ठरले थप दुईवटा क्रस बोर्डर प्रशारण लाइनको निर्माण सम्पन्न भएपछि नेपाल-भारत बीचको विद्युत विनिमयलाई थप सुदृढ हुनुकासाथै क्षेत्रीय ऊर्जा सुरक्षामा सुधार, सुदृढ ग्रिड बन्ने हुँदा यसले दुवै देशको आर्थिक बृद्धिमा योगदार पुऱ्याउने उल्लेख गरे ।

मन्त्रिपरिषद्को ३० असोजको बैठकले प्रसारण लाइन निर्माणका लागि प्राधिकरण र पावर ग्रिडको लगानीमा नेपाल तथा भारत दुवै भूमिमा दुईवटा संयुक्त कम्पनी स्थापना गर्न र कम्पनीमा स्वपूँजी (इक्विटी) लगानी गर्न प्राधिकरणलाई स्वीकृति दिएको थियो । कार्यक्रममा मन्त्री घिसिङले दुईवटा थप अन्तरदेशीय प्रसारण लाइनको निर्माणबाट दुई देशबीच तथा क्षेत्रीयस्तरमा समेत नेपालमा उत्पादित विद्युत निर्यात गर्ने आधार तयार भई अन्तर्राष्ट्रिय ऊर्जा बजार सम्म नेपालको पहुँच पुऱ्याई नेपालका जलविद्युतमा स्वदेशी तथा प्रत्यक्ष वैदेशिक लगानी ल्याउन थप सहज हुने बताए ।

शेयर हिस्सा कति हुनेछ ?

दुईवटा अन्तरदेशीय प्रशारण लाइनको भारतीय भूभागमा पर्ने खण्ड निर्माणका लागि भारतमा संस्थापना गरिने संयुक्त कम्पनीमा प्राधिकरणको ४९ प्रतिशत र पावर ग्रिडको ५१ प्रतिशत सेयर हिस्सा र हनेछ । त्यस्तै नेपाली भूभागमा पर्ने खण्ड नेपालका लागि नेपालमा संस्थापना हुने संयुक्त कम्पनीमा प्राधिकरणको ५१ प्रतिशत र पावर ग्रिडको ४९ प्रतिशत शेयर हिस्सा रहनेछ ।

दुई प्रशारण लाइनको निर्माणमा ८० प्रतिशत ऋण र २० प्रतिशत सेयर पूँजी रहने गरी वित्तीय व्यवस्थापन गरिनेछ । इनरुवा-पूर्णिया प्रसारण लाइनको करिव २६ किलोमिटर खण्ड नेपाली र १०९ किलोमिटर खण्ड भारतीय भूभागमा पर्नेछ । लम्की-बरेली प्रसारण लाइनको करिब ३३ किलोमिटर खण्ड नेपाली र १८५ किलोमिटर खण्ड भारतीय भूभागमा निर्माण हुनेछ । नेपाल भारत संयुक्त प्राविधिक टोलीले सन् २०१९ मा तयार पारेको अध्ययन प्रतिवेदन अनुसार इनरुवा-पूर्णिया प्रसारण लाइनको प्रारम्भिक लागत नेपाली र भारतीय खण्डको क्रमश: २ अर्ब ६५ लाख र ४ अर्ब १३ करोड भारतीय रुपैयाँ (भारु) लाग्ने अनुमान गरिएको छ ।

त्यस्तै लम्की-बरेली प्रसारण लाइनको नेपालमा प्रारम्भिक लागतअनुमान नेपाली र भारतीय खण्डको क्रमश २ अर्ब ५७ करोड र ६ अर्ब १४ करोड भारु रहेको छ । प्राधिकरणले आफ्नै स्रोतबाट नेपाल र भारतमा स्थापना हुने संयुक्त कम्पनीमा १ अर्ब र २ अर्ब बराबर को इक्विटी लगानी गर्नेछ ।

# राष्ट्रियसभाको निर्वाचन माघ ११ गते गर्ने सरकारको निर्णय



साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ राष्ट्रियसभा रिक्तसदस्यको निर्वाचन आगामी माग ११ गते हुने भएको छ । बुधबार बसेको मन्त्रीपरिषद बैठकले राष्ट्रियसभा सदस्यमा रिक्त सदस्य पदको निर्वाचनको मिति तय गरेको हो ।

राष्ट्रियसभा सदस्यको रिक्त पद पूर्तिका लागि २०८२ माघ ११ गते आईतबारका दिन निर्वाचनको मिति तोक्ने निर्णय गरिएको नेपाल सरकारका प्रवक्ता समेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिएका छन् । २०७६ सालको चुनावबाट निर्वाचित १९ सदस्यको कार्यकाल आगामी फागुनबाट सकिनेछ । १९ जनामध्ये एकजना वामदेव गौतम राष्ट्रपतिबाट मनोनीत सांसद हुन् । बाँकी १८ पदका लागि निर्वाचन हुनेछ । राष्ट्रियसभा सदस्य निर्वाचन ऐनमा पद रिक्त हुनुभन्दा ३५ दिन अगावै निर्वाचन हुनुपर्ने व्यवस्था छ । २० फागुनमा राष्ट्रियसभा सदस्यको पदावधि सकिन्छ । त्यसको ३५ दिन अगावै निर्वाचन गर्नुपर्ने कानुनी व्यवस्था छ ।

आगामी फागुनमा कार्यकाल सकिएर बिदा हुने सदस्यमा एमालेका ८, माओवादी केन्द्रका ७, एकीकृत समाजवादीका १, जनता समाजवादी पार्टी नेपालका १, लोकतान्त्रिक समाजवादी पार्टीका १ र मनोनीत १ सांसद छन् । आगामी फागुनमा बिदा हुने एमालेका सांसदहरुमा इन्दिरादेवी गौतम, गोपाल भट्टराई, तुलसाकुमारी दाहाल, देवेन्द्र दाहाल, भगवती न्यौपाने, विमला घिमिरे, शारदादेवी भट्ट र सुमित्रा बीसी छन् । बिदा हुने माओवादी सांसदको संख्या ७ छ । जसमा गोपीबहादुर सार्की अछामी, गंगाकुमारी बेलवासे, जगप्रसाद शर्मा, तारामान स्वाँर, नारायणकाजी श्रेष्ठ, मायाप्रसाद शर्मा र राधेश्याम पासवान छन् ।

एकीकृत समाजवदीका बेदुराम भुषाल, जनता समाजवादी पार्टी नेपालका मृगेन्द्रकुमार सिंहयादव र लोकतान्त्रिक समाजवादी पार्टीका शेखरकुमार सिंहको कार्यकाल पनि आगामी फागुनमा सकिनेछ । बुधबार बसेको बैठकले राष्ट्रपति रामचन्द्र पौडेलको चारदिने कतारको औपचारिक भ्रमण पनि स्विकृत गरेको छ । कतारको दोहामा आयोजना हुने सेकेन्ड वल्ड समिट फर सोसल डेभलप्मेन्ट विषयक कार्यक्रममा सहभागी हुन राष्ट्रपति पौडेलको नेतृत्वमा २०८२ कार्तिक १७ देखि २० गतेसम्म हुने औपचारिक भ्रमण स्वीकृत गर्ने निर्णय गरिएको मन्त्री खरेलले बताए ।

त्यसैगरी सरकारले छापाखाना र प्रकाशन सम्बन्धी दोस्रो संशोधन नियमावली २०८२ स्वीकृत गरेको छ । अनलाइनको दर्ता र नवीकरणका लागि गरिएको यो निर्णय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ । संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७३ को अनुसूचि २ मा हेरफेर गरिएको छ । मन्त्री खरेलले सांसदहरुको स्वकीय सचिवालयको दरबन्दी घटाउने निर्णय कार्यान्वयनका लागि यो निर्णय गर्नुपरेको स्पष्ट पारे । सरकारले नेपाल र मोरिसस सरकारबीच भएको दोहोरो करमुक्ति सम्झौता अन्त्य गरेको छ ।

# व्यवसायी र सुरक्षा निकायबीच हेटौंडामा भेटवार्ता



साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ व्यवसायी र सुरक्षा निकायबीच हेटौंडामा समन्वयमूलक छलफल भएको छ । मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ र प्रहरी उपरीक्षक (एसपी) सुवासचन्द्र बोहरासँग व्यवसायी तथा सुरक्षानिकायका प्रतिनिधिबीच छलफल भएको हो ।

संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा संघका पदाधिकारी, सल्लाहकार, सुरक्षानिकायका अधिकारी तथा व्यवसायीको सहभागिता रहेको थियो । कार्यक्रममा अध्यक्ष रानाभाटले प्रमुख जिल्ला अधिकारीबाट उल्लेखनीय सहयोग प्राप्त भएको स्मरण गर्दै धन्यवाद व्यक्त गरे । भारतीय सवारी साधनलाई बाइपास सडक प्रयोग गर्न बाध्य बनाउँदा थप झन्झट सिर्जना भएको र यसले पर्यटन क्षेत्रलाई पनि असर पारेको भन्दै समाधान खोज्नुपर्नेमा उनले जोड दिए । २५ मिटर सडक विस्तारको अनिश्चितता र राप्तीतटस्थित तरकारी बजार नजिक प्रहरी बिट आवश्यक रहेको उनले बताए ।

प्रहरीउपरीक्षक बोहराले सुरक्षित समाज निर्माणमा सबैको भूमिकाको महत्व हुने बताउँदै हेटौंडा बजारमा रहेका धेरै सिसिटिभी क्यामेरा जीर्ण अवस्थामा रहेका कारण मर्मत तथा नयाँ जडान आवश्यक भएको उल्लेख गरे । उनले बुद्धचोकदेखि जिल्ला प्रहरी कार्यालयसम्मको अव्यवस्थित पार्किङ व्यवस्थापन गर्न जरुरी रहेको र शान्तिसुरक्षा कायम गर्न प्रहरी संधैं प्रयत्नशील रहने बताए । प्रमुख जिल्ला अधिकारी श्रेष्ठले आफ्नो सेवाअवधिमा प्राप्त सहयोगका लागि सबैलाई धन्यवाद दिँदै प्रशासनिक जिम्मेवारी स्थायी नभएको र जुनसुकै बेला सरुवा हुने स्वभाविक प्रक्रिया रहेको बताइन् । उनले निजीक्षेत्र सबल नभई देश समृद्ध नहुने उल्लेख गर्दै, संघीय संरचनामा जिम्मेवारी विभाजन भएकाले त्यही आधारमा सहकार्य गर्नुपर्ने धारणा राखिन् ।

श्रेष्ठले फुटपाथ र पार्किङ व्यवस्थापनमा सुरक्षा निकाय सहयोग गर्न तत्पर रहेको बताउँदै, विकृति र अराजकताविरुद्ध सामूहिक सूचना र सहकार्य आवश्यक रहेको उल्लेख गरिन् । उनले उद्योग वाणिज्य संघले चाहेको सहकार्य र सहयोगको निरन्तरता रहिरहने प्रतिबद्धता व्यक्त गरिन् ।

कार्यक्रममा सशस्त्र प्रहरी उपरीक्षक सन्तोषविक्रम शाह, प्रहरी निरीक्षक हेमन्त चौधरी, संघका वरिष्ठ उपाध्यक्ष दीपक उप्रेती, महासचिव प्रतिमा श्रेष्ठलगायतको सहभागिता रहेको थियो ।

# राष्ट्रिय भूमिअधिकार मञ्च मकवानपुरमा थोकर



साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ राष्ट्रिय भूमिअधिकार मञ्च मकवानपुरको अध्यक्षमा देवकृष्ण थोकर चयन भएका छन् । हेटौंडाको सिमलटारमा भएको भेलाले थोकरको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति निर्माण गरिएको हो ।

समितिको उपाध्यक्षमा सूर्यबहादुर सापकोटा, सचिवमा सोमलाल गोले, सहसचिवमा लक्ष्मण निरौला, कोषाध्यक्षमा ठुलीमाया मुक्तान चयन भएका छन् । यसैगरी, सदस्यहरुमा क्रमश: सरिता पराजुली, भुमलसिङ घलान, कमल थिङ, बुद्धराज गिरी, विकास तितुङ, सुष्मा भोलन, रुक्मणि तिमल्सिना र सारदा शर्मा चयन भएका छन् । कार्यबाहक जिल्ला अध्यक्ष जयबहादुर वाइबाको सभाध्यक्षतामा भएको भेलामा मन्चका केन्द्रीयसदस्य यज्ञबहादुर श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो ।

# 'ह्वाइटआउट' पासोमा अल्टिच्युड एयरको हेलिकप्टर

काठमाडौं/हेलिकप्टर सेवा प्रदायक कम्पनी अल्टिच्युड एयरको दर्ता नम्बर '९एन-एएमएस' हेलिकप्टर बुधबार सोलुखुम्बु लोबुचेमा दुर्घटनाग्रस्त भयो । कम्पनीका अनुसार हेलिकप्टरमा चालक (क्याप्टेन) विवेक खड्कामात्र थिए । दुर्घटनामा उनी सुरक्षित रहे । यात्रु सवार नरहेका कारण मानवीय क्षति भएन ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार हेलिकप्टरमा भएको क्षतिका आधारमा यसलाई 'दुर्घटना' भित्र राखिन्छ । दुर्घटनाको प्रकृति हेर्दा यो दुर्घटना 'ह्वाइटआउट' पासोमा फसेको देखिने प्राधिकरणका एक अधिकारीले बताए ।

त्यस भेगमा मंगलबार देखि मात्र हिउँ पर्न थालेको थियो । जसले गर्दा हिउँ जमेर चट्टानको रूप लिएको अवस्था थिएन । प्राधिकरणका अनुसार त्यस भेगको मौसम समेत आज बिहान अनुकूल थियो । लुक्लाबाट बिहान ७:४१ मा उडेको हेलिकप्टर ७:५२ बजे लोबुचेमा दुर्घटनामा परेको थियो ।

हेलिकप्टर अवतरण गर्ने क्रममा भर्खरै परेको हलुका रूपमा रहेको हिउँ उड्यो र हेलिकप्टरलाई ढाक्न पुग्यो । भिडियोहरूमा दुर्घटनाका बेला हिउँ परेजस्तो देखिए पनि त्यो हेलिकप्टर अवतरण हुँदा सोही हेलिकप्टरको रोटर (पखेँटा) ले उडाएको हिउँ भएको ती अधिकारीले बताए ।

चारैतर्फ सेताम्य हिउँले ढाकेको अवस्थामा भिजिबिलिटीमा समस्या आउँछ । यसरी हुने समस्यालाई एभिएसन (उड्डयन) मा 'ह्वाइटआउट' भन्ने गरिन्छ । यस्तो समस्या धुलाम्य हेलिप्याडमा समेत हुने गर्छ । यस्तो अवस्थालाई भने 'ब्राउनआउट' भन्ने गरिन्छ । त्यस्तो अवस्थामा पाइलटले जहाँ हेलिकप्टर जमिनमा राख्न खोजेका हुन्छन्, त्योभन्दा अर्को स्थानमा 'टच' भएर दुर्घटनामा पर्न सक्छ ।

अझ हिँउले ढाकेको हेलिप्याडमा हिँउ कता कडा छ वा कता नरम छ भन्ने निश्चित नहुने हुँदा यस्तो जोखिम अझ बढ्ने गर्छ । सामान्यतया ह्वाइटआउट वा ब्राउनआउट हुने अवस्थाबारे पूर्व जानकारी भए पाइलटले हेलिप्याड नजिकै हेलिकप्टर पुऱ्याएर सुरुमा धुलो वा हिँउ उडाउँछन् र त्यसको जोखिम कम हुने भएपछि अवतरण गराउँछन् ।

आजको दुर्घटना अगाडि पाइलटले सुरुमा दुई उडान गरि सकेका थिए । त्यसबाट जोखिमको पूर्वआकलन गर्न सकेको भए हेलिकप्टर दुर्घटनाबाट बचाउन सकिने ती अधिकारीको भनाइ छ ।

# बालुवाटारमा सुशीला कार्की र महेश बर्तौलाको नोकझोक

काठमाडौं/करिब ५ घण्टा चलेको बालुवाटारको त्रिपक्षीय वार्तामा प्रधानमन्त्री सुशीला कार्की र नेकपा एमालेका नेता महेश बर्तौलाबीच केहीबेर नोकझोक चलेको छ । छलफलमा सहभागी एक जेनजी अगुवाका अनुसार, संसद् विघटन संवैधानिक कि असंवैधानिक भन्ने विषयमा उनीहरू बीच नोकझोक चलेको थियो ।

'अहिलेको हाम्रो सम्माननीय प्रधानमन्त्री प्रधानन्यायधीश हुँदा संसद् विघटनको सन्दर्भमा त्यो असंवैधानिक थियो भने निर्णय गर्नुभएको थियो भनेर महेश बर्तौलाले भन्नुभयो,' ती अगुवाले भने, 'त्यसपछि तत्काल प्रतिक्रिया दिँदै प्रधानमन्त्रीज्यूले 'त्यो मैले गरेको छैन । त्यस्तो गलत कुरा नगर्नुस्' भन्दै चर्किनुभयो ।' लगत्तै बर्तौलाले 'सार्वजनिक रुपमा बोल्नुभएको छ' भन्दै प्रतिप्रश्न गरेका थिए ।

यसरी बर्तौलाले उठाएको प्रसंगको खण्डन कार्कीले चर्किएर गरेपछि केहीबेर नोकझोक चलेको छलफलमा सहभागी अर्का एक नेता बताउँछन् । बर्तौलासँग नोकझोक चलिरहँदा प्रधानमन्त्रीले प्रश्न गरिन्- न्यायाधीशले चुनाव लड्न पाउँछ कि पाउँदैन ? भारतमा पाउँछ, यहाँ पाउँछ कि पाउँदैन ? ती नेताका अनुसार, उनीहरूबीचको सवालजवाफमा कानुनमन्त्री अनिलकुमार सिन्हा पनि प्रवेश गरे । न्यायाधीशको सिन्हाले प्रसंग उठ्नेबित्तिकै भनेका थिए- यहाँले मलाई भन्नुभएको होला...। सिन्हालाई प्रधानमन्त्री कार्कीले बीचमै रोकिन् र भनिन्- पछि बोल्नुहोला ।

सिन्हालाई प्रधानमन्त्रीले रोकेपछि बर्तौलाले थप आफ्ना कुरा राखे । उनले एमाले चुनावको पक्षमा रहेको तर अहिले संसद् विघटन असंवैधानिक भएकाले पुनर्स्थापना हुनुपर्ने अडान राखे ।

# हेटौंडा फुटबल एकेडेमीलाई कोरियाबाट सहयोग प्राप्त




साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ राष्ट्रियसभा रिक्तसदस्यको निर्वाचन आगामी माग ११ गते हुने भएको छ । बुधबार बसेको मन्त्रीपरिषद बैठकले राष्ट्रियसभा सदस्यमा रिक्त सदस्य पदको निर्वाचनको मिति तय गरेको हो ।

राष्ट्रियसभा सदस्यको रिक्त पद पूर्तिका लागि २०८२ माघ ११ गते आईतबारका दिन निर्वाचनको मिति तोक्ने निर्णय गरिएको नेपाल सरकारका प्रवक्ता समेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिएका छन् । २०७६ सालको चुनावबाट निर्वाचित १९ सदस्यको कार्यकाल आगामी फागुनबाट सकिनेछ । १९ जनामध्ये एकजना वामदेव गौतम राष्ट्रपतिबाट मनोनीत सांसद हुन् । बाँकी १८ पदका लागि निर्वाचन हुनेछ । राष्ट्रियसभा सदस्य निर्वाचन ऐनमा पद रिक्त हुनुभन्दा ३५ दिन अगावै निर्वाचन हुनुपर्ने व्यवस्था छ । २० फागुनमा राष्ट्रियसभा सदस्यको पदावधि सकिन्छ । त्यसको ३५ दिन अगावै निर्वाचन गर्नुपर्ने कानुनी व्यवस्था छ ।

आगामी फागुनमा कार्यकाल सकिएर बिदा हुने सदस्यमा एमालेका ८, माओवादी केन्द्रका ७, एकीकृत समाजवादीका १, जनता समाजवादी पार्टी नेपालका १, लोकतान्त्रिक समाजवादी पार्टीका १ र मनोनीत १ सांसद छन् । आगामी फागुनमा बिदा हुने एमालेका सांसदहरुमा इन्दिरादेवी गौतम, गोपाल भट्टराई, तुलसाकुमारी दाहाल, देवेन्द्र दाहाल, भगवती न्यौपाने, विमला घिमिरे, शारदादेवी भट्ट र सुमित्रा बीसी छन् । बिदा हुने माओवादी सांसदको संख्या ७ छ । जसमा गोपीबहादुर सार्की अछामी, गंगाकुमारी बेलवासे, जगप्रसाद शर्मा, तारामान स्वाँर, नारायणकाजी श्रेष्ठ, मायाप्रसाद शर्मा र राधेश्याम पासवान छन् ।

एकीकृत समाजवदीका बेदुराम भुषाल, जनता समाजवादी पार्टी नेपालका मृगेन्द्रकुमार सिंहयादव र लोकतान्त्रिक समाजवादी पार्टीका शेखरकुमार सिंहको कार्यकाल पनि आगामी फागुनमा सकिनेछ । बुधबार बसेको बैठकले राष्ट्रपति रामचन्द्र पौडेलको चारदिने कतारको औपचारिक भ्रमण पनि स्विकृत गरेको छ । कतारको दोहामा आयोजना हुने सेकेन्ड वल्ड समिट फर सोसल डेभलप्मेन्ट विषयक कार्यक्रममा सहभागी हुन राष्ट्रपति पौडेलको नेतृत्वमा २०८२ कार्तिक १७ देखि २० गतेसम्म हुने औपचारिक भ्रमण स्वीकृत गर्ने निर्णय गरिएको मन्त्री खरेलले बताए ।

त्यसैगरी सरकारले छापाखाना र प्रकाशन सम्बन्धी दोस्रो संशोधन नियमावली २०८२ स्वीकृत गरेको छ । अनलाइनको दर्ता र नवीकरणका लागि गरिएको यो निर्णय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ । संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७३ को अनुसूचि २ मा हेरफेर गरिएको छ ।

मन्त्री खरेलले सांसदहरुको स्वकीय सचिवालयको दरबन्दी घटाउने निर्णय कार्यान्वयनका लागि यो निर्णय गर्नुपरेको स्पष्ट पारे । सर कारले नेपाल र मोरिसस सरकार बीच भएको दोहोरो करमुक्ति सम्झौता अन्त्य गरेको छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
श्री निर्मल माध्यमिक विद्यालय
हेटौंडा-१९, बस्तिपुर
नि:शुल्क अध्ययनको अवसर ॥
CTEVT द्वारा मान्यता प्रप्त
२४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम
Apprenticeship Program
प्रि-डिप्लोमा इलेक्ट्रिकल ईन्जिनियरीङ्ग
आवश्यक कागजपत्र:
- एस.ई.ई वा एस. एल. सी. को परीक्षामा सहभागी भएको प्रमाण पत्र,
- नेपाल बाहेक अन्य देश बाट एस.ई ई, एस. एल. सी. वा सो सरको परीक्षामा उतीर्ण गर्नेको हकमा नेपाल
- सरकारले तोकेको निकाय द्वारा समकक्षता निर्धारण गरेको पत्रको प्रतिलिपी,
- १६ वर्ष उमेर पूरा भएको,
- हालसालै खिचिएको पासपोर्ट साईजको फोटो ३ प्रति
फाराम भर्ने अन्तिम मिति २०८२ कार्तिक २८ गते सम्म
मौका तथा सुविधाहरू:
- विद्युत प्राधिकरणको रा.प.अन. चौथो तह वा सो सरह,
- डिप्लोमा तहमा अध्ययन गर्ने अवसर,
- सम्बन्धित विषयमा तह-२ मा प्रशिक्षक हुने अवसर,
- सुपरभाईजर/सहायक सब इन्जिनियर
- स्वरोजगार उद्यमी
थप जानकारी:९८५५०६७७९९, ९८५५०१४७९९

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना